का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ असोज २०८३
मंगलबार
13 October 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २४, अंक २६४। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com



**ग्यासको सास्ती**

*दसैं नजिकिँदै गर्दा काठमाडौंसहित देशका विभिन्न ठाउँमा खाना पकाउने एलपी ग्यासको अभाव देखिएको छ । काठमाडौंको सिफलमा ग्यास लिन उपभोक्ताहरू केही दिनदेखि लाइनमा बस्न बाध्य भएका छन् ।* ***तस्बिर : नेपाल फोटो लाइब्रेरी***

# कांग्रेस पदाधिकारी ‘अ’समावेशी

नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट चुनिएका अधिकांश पदाधिकारी खसआर्य समुदायका छन् । समावेशिताका दृष्टिकोणले कांग्रेसको विधान सबै राजनीतिक दलको विधानभन्दा उत्कृष्ट रहेको नेताहरूले दाबी गरेका छन् । यद्यपि महाधिवेशनको परिणामले राजनीतिक र सामाजिक न्यायको सिद्धान्तलाई भने कमजोर बनाएको देखिन्छ ।



समावेशिताका दृष्टिकोणले कांग्रेसको विधान उत्कृष्ट छ । तर यो क्लस्टरमा कसलाई प्राथमिकता दिने भन्ने कुरा पार्टीका नेता, कार्यकर्ताले विचार पुऱ्याउनुपर्ने हो । यो परिणामले समावेशी न्यायको पक्ष कमजोर देखियो ।

● **जीवन परियार**
**नेता, नेपाली कांग्रेस**



नेपाली कांग्रेस मात्रै त्यस्तो पार्टी हो, जसले वडादेखि केन्द्रसम्म लैंगिक, जातीय, भौगोलिक र विदेशमा बस्ने नेपालीको समेत प्रतिनिधित्व अनिवार्य हुनेगरी विधानमै पूर्ण समावेशिताको सुनिश्चितता गरेको छ ।

● **विश्वप्रकाश शर्मा**
**वरिष्ठ उपसभापति**




**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २६ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनको मत गणना जारी छ। सभापति, उपसभापति, महामन्त्रीको अन्तिम परिणाम आएको छ भने सहमहामन्त्रीको परिणाम अन्तिम चरणमा छ । विशेष महाधिवेशनलाई वैधानिक रूपमा पुष्टि गर्ने गरी आएको परिणामले समावेशितालाई भने ख्याल गरेको देखिएन । पार्टीका अधिकांश पदाधिकारीमा खसआर्यको वर्चस्व देखिएको छ ।

सभापतिमा गगन थापाले सानदार जित निकाल्दा वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा र महिला उपसभापतिमा पुष्पा भुसाल निर्विरोध भए। खुला उपसभापतिमा चन्द्र भण्डारी र मधु आचार्य निर्वाचित भए भने महामन्त्रीमा प्रदीप पौडेल, उदयशमशेर राणा र डा. डिला संग्रौलाले जितेका छन् । उनीहरू सबै खसआर्यअन्तर्गत पर्छन्। खुला उपसभापतिमा उम्मेदवारी दिएका धनराज गुरुङ, प्रा.डा. चन्द्रमोहन यादव निकै मतान्तरले पछि परे।

अन्तिम मतपरिणामअनुसार उपसभापतिमा निर्वाचित भण्डारीले तीन हजार ७३५, आचार्यले दुई हजार ३४२ मत प्राप्त गरे । गोविन्द भट्टराईले एक हजार ७५२, सुरेन्द्रराज पाण्डेले एक हजार ६७३, धनराज गुरुङले एक हजार ५९६, दीपक गिरीले ९२३ र चन्द्रमोहन यादवले ७६० मत पाएका छन् ।

पार्टीको विधाले दिएको समावेशिताको क्लस्टरबाट उपसभापतिमा व्यापारी विनोद चौधरीले जिते । चौधरीसँग प्रतिस्पर्धा गरेका पूर्वसहमहामन्त्री जीवन परियार, निवर्तमान सहमहामन्त्री फरमुल्लाह मन्सुर र पूर्वकेन्द्रीय सदस्य »» पृष्ठ २ मा

## विशेष महाधिवेशनलाई ‘अनुमोदन’

गत पुस अन्तिम साता विशेष महाधिवेशनको अभियान चलाउने र विशेषबाटै नेतृत्वमा स्थापित भएका अधिकांश नेता नियमित महाधिवेशनको मतद्वारा पुनः अनुमोदित भए । तत्कालीन संस्थापन पक्षले २०८२ मंसिरमै हुनुपर्ने नियमित महाधिवेशन रोकेर वैशाखमा सार्ने निर्णय लिएपछि १४औं महाधिवेशनबाट महामन्त्री बनेका गगन थापा-विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको नेतृत्व गरेका थिए । ४७ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षरसहित आह्वान गरेर सम्पन्न विशेष महाधिवेशनलाई अवैधानिक भन्दै तत्कालीन सभापति शेरबहादुर देउवा पक्ष निर्वाचन आयोग हुँदै अदालत गएको थियो । यद्यपि निर्वाचन आयोग र सर्वोच्च अदालतले विशेष महाधिवेशनलाई आधिकारिकताको पत्र »» पृष्ठ २ मा

# स्थानीय र प्रदेशको चुनाव एकैपटक गर्ने गृहकार्य

राज्यको खर्च घटाउने र निर्वाचन व्यवस्थापनलाई सहज बनाउने उद्देश्यसहित स्थानीय तह र प्रदेशसभाको निर्वाचन एकैपटक गर्ने सरकारी गृहकार्य अघि बढेको छ । तर यसबारे राजनीतिक दल तयार भइसकेका छैनन् ।





अहिले नै चुनाव एकैसाथ हुन्छ भनेर भन्न सकिँदैन । सरकारले मिति घोषणा गरेअनुसार नै हामीले काम गर्ने हो ।

■ **मानबहादुर कार्की**
**प्रमुख निर्वाचन आयुक्त**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ असोज

संविधानतः २०८४ सालमा स्थानीय र प्रदेशको निर्वाचन गर्नुपर्छ । यी दुई तहका निर्वाचन एउटै मितिमा गर्न सकिने विकल्पबारे सरकार परामर्शमा छ ।

राज्यको खर्च घटाउने र निर्वाचन व्यवस्थापनलाई सहज बनाउने उद्देश्यसहित स्थानीय तह र प्रदेशसभाको निर्वाचन एकैपटक गर्ने सरकारी गृहकार्य अघि बढेको छ । यस सम्बन्धमा निर्वाचन आयोगले राजनीतिक दलहरूसँग छलफलसमेत अघि बढाएको छ ।

तर, आवश्यक कानुनी व्यवस्था र जनप्रतिनिधिको कार्यकाल मिलाउने विषय टुंगिएको छैन । राजनीतिक दलहरू पनि एकैपटक चुनाव गराउने विकल्पका निम्ति तयार भइसकेका छैनन् ।

प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्की निर्वाचन आयोग स्थानीय तहको आगामी निर्वाचनको आन्तरिक तयारीमा रहेको बताउँछन् । २२ असोज २०८३ मा राससमसँग उनले दुवै तहको चुनाव एकैसाथ हुन्छ भनेर भन्न नसकिने बताएका थिए । ‘संवैधानिक संरचना र कानुनी प्रावधानअनुरूप नै निर्वाचन हुने हो । त्यसमा हाम्रो आवश्यकताको पनि कुरा छ,’ उनले भनेका थिए, ‘त्यसैले अहिले नै चुनाव एकैसाथ हुन्छ भनेर भन्न सकिँदैन । सरकारले मिति घोषणा गरेअनुसार नै हामीले काम गर्ने हो ।’

निर्वाचन आयोगका पूर्वकार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारी दुवै तहको निर्वाचन एकैपटक गर्दा राज्यको चार अर्ब रुपैयाँभन्दा बढी खर्च बचत हुन सक्ने बताउँछन् ।

उनले पदमा रहँदै संयुक्त निर्वाचनका लागि आवश्यक कानुन निर्माण गर्न संसद् र राजनीतिक दलहरूलाई आग्रह गरेका थिए। ३० वैशाख २०८३ मा न्युज एजेन्सी नेपालसँगको कुराकानीमा भण्डारीले स्थानीय तह र प्रदेशसभाको निर्वाचन एकै मितिमा सम्पन्न गर्दा राज्यको चार अर्ब रुपैयाँभन्दा बढी खर्च बचत हुन सक्ने बताएका हुन् ।

आगामी ३० वैशाख २०८४ मा स्थानीय तह र ४ मंसिर २०८३ मा प्रदेशसभाको पदावधि समाप्त हुनेछ। यी दुवै तहको निर्वाचन एकैपटक गर्दा राज्यको करिब चार अर्ब रुपैयाँभन्दा बढी खर्च बचत हुने बताएका हुन्।

तर, खर्च बचतको सम्भावना देखिए पनि दुवै तहको निर्वाचन एउटै मितिमा गर्न आवश्यक कानुनी व्यवस्था, जनप्रतिनिधिको कार्यकाल र निर्वाचन व्यवस्थापनको तयारी मिलाउनुपर्ने चुनौती छ ।

निर्वाचनसम्बन्धी एकीकृत कानुन निर्माण पनि प्रक्रियामा छ । निर्वाचन आयोगले सम्बन्धित सातवटा ऐनलाई एकीकृत गरी तयार पारेको विधेयकको मस्यौदा २०८० असार १८ गते नै सरकारलाई »» पृष्ठ २ मा



# दिल्लीबाट विश्वको ध्यान खिचिरहेकी नेहा बोरा

जन्तरमन्तरदेखि दिल्लीका सडकसम्म, पटक-पटक प्रहरी नियन्त्रणमा परे पनि आन्दोलनमा फर्किरहने २९ वर्षीया नेहा बोरा अहिले भारतको राष्ट्रिय राजनीतिमा चर्चित छिन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ असोज

दिल्लीको कनट प्लेस र आरके आश्रम मेट्रो स्टेसन आसपास ११ अक्टोबरमा प्रदर्शनकारी र प्रहरीबीच लुकामारी चलिरहेको थियो। प्रहरीले आन्दोलनकारीलाई नियन्त्रणमा लिइरहेको थियो । त्यही क्रममा नेहा बोरा पक्राउ परेको खबर फैलियो। सञ्चारकर्मीहरू उनको तस्बिर खिच्न दौडिए । तर प्रहरीको नियन्त्रणमा रहेकी युवती नेहा थिइनन् । उनीजस्तै देखिने अर्की युवती थिइन् ।

वास्तविक नेहा भने केही पर प्रदर्शनकारीसँगै थिइन्। केही समयपछि विजय चोकनजिक उनी पनि प्रहरीको नियन्त्रणमा परिन्। अघिल्लो दिन पनि पक्राउ परेकी उनी छुटेपछि फेरि सडकमा फर्किएकी थिइन् ।

पक्राउ, रिहाइ र फेरि प्रदर्शन अहिले नेहा बोराको परिचय बनेको छ। भारतमा मतदाता नामावली संशोधनलाई लिएर चर्किएको विरोधमा उनी अहिले अग्रपंक्तिमा देखिन्छिन्। अक्टोबर १० मा जन्तरमन्तर जान रोकिएपछि उनले सामाजिक सञ्जालबाट »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# युएईको पुलिस रिपोर्ट प्रमाणीकरण शुल्क आधाले घट्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ असोज

नेपालस्थित संयुक्त अरब इमिरेट्स (युएई) दूतावासले वैदेशिक रोजगारीमा युएई जाने नेपाली श्रमिकको प्रहरी चालचलन रिपोर्ट प्रमाणीकरण शुल्क आधाले घटाएको छ । युएई दूतावासले जेनजी आन्दोलनपछि नेपाल प्रहरीले जारी गरेको प्रहरी चालचलन रिपोर्ट प्रमाणीकरण गर्न ३ सय ५३ दिराम करिब १४ हजार रुपैयाँ लिने गरेकोमा अब १९७ दिराम हाराहारीमा शुल्क बुझाए पुग्ने व्यवस्था गरेको छ । यसले वैदेशिक रोजगारीमा युएई जाने युवायुवतीलाई केही मात्रामा भए पनि प्रत्यक्ष राहत पुगेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव केदारनाथ अधिकारीले बताए ।

मलेसियामा खटपट भएपछि युएई नेपाली श्रमिकको मुख्य गन्तव्य बनेको छ । हाल म्यानपावर कम्पनीबाट मासिक रूपमा पहिलोपटक करिब ११ हजार र सबै प्रक्रियाबाट गरी १८ हजारभन्दा बढी नेपाली युएई जाने गरेका छन् । युएईमा भिजिट भिसामा जानेको संख्या पनि ठुलो छ ।

यसअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा संघका पदाधिकारीसहितको प्रतिनिधिमण्डलले नेपालका लागि संयुक्त अरब इमिरेट्सका राजदूतसँग भेट गरी युएईको वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका विभिन्न विषयसहित पुलिस रिपोर्ट प्रमाणीकरणको शुल्क घटाउन आग्रह गरेको थियो ।

संघले प्रहरी चालचलन रिपोर्ट एटेस्टेसनबिनै नेपाली श्रमिकलाई युएई लैजान सकिने व्यवस्था गर्न अनुरोध गरेको थियो । तर, युएईले प्रहरी चालचलन रिपोर्ट एटेस्टेसनको विषय आफ्नो आन्तरिक सुरक्षा व्यवस्थासँग सम्बन्धित रहेको भन्दै उक्त प्रक्रिया पूर्णरूपमा हटाउन सम्भव नभए पनि अक्टोबरदेखि युएईमा वैदेशिक रोजगारीका लागि जाने नेपाली श्रमिकको प्रहरी चालचलन रिपोर्ट एटेस्टेसनमा लाग्दै आएको शुल्कमा ५० प्रतिशत छुट प्रदान गर्ने बताएको थियो । युएईले आफ्नो प्रतिबद्धताअनुसार शुल्क घटाएको हो ।

दूतावासले सबै मुलुकका लागि ३ सय ५३ दिराम शुल्क तोकेको भए पनि नेपालमा आएको अकल्पनीय बाढीले ठुलो नोक्सानी गरेको अवस्थामा आधा शुल्क छुट दिने निर्णय भएको समेत बताएको थियो । उक्त भेटमा दूतावासले युएईले ६४ मुलुकबाट आफ्नो देश प्रवेश गर्ने विदेशी नागरिकको प्रहरी चालचलन रिपोर्ट प्रमाणीकरण गरिरहेको भन्दै जेनजी आन्दोलनका क्रममा भागेका ३ हजारभन्दा बढी कैदी नेपालमा पक्राउ नपरेकाले नेपालीप्रति निगरानी बढाएको जानकारीसमेत संघलाई दिएको थियो। त्यस्तै, निकट भविष्यमा नेपालबाट »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२७ असोज २०८३ मंगलबार
13 October 2026 Tuesday

## राजधानीमा दसैंको रमझम

# झिलिमिली सजिए शक्तिपीठ

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २६ असोज ।

दसैंको आगमनसँगै राजधानीका मन्दिरहरू रंगीन बत्ती, फूलमाला र तोरणले सिँगारिएका छन् । साँझपख झिलिमिली बत्तीले उज्यालिएका मन्दिरमा दर्शन गर्न, सजावट हेर्न र तस्बिर खिच्न पुग्नेहरूको चहलपहल बढेको छ । यसले धार्मिक आस्थासँगै राजधानीमा दसैंको रौनक थपेको छ ।

यतिबेला मैतीदेवी मन्दिरमा विशेष चहलपहल छ । मन्दिर परिसर र आसपासका क्षेत्रमा गरिएको सजावटले साँझको दृश्य आकर्षक बनेको छ । बिहान पूजाआजा गर्न आउने भक्तजनदेखि साँझ बत्तीको झिलिमिली हेर्न पुग्ने युवायुवती र परिवारसम्मको उपस्थितिले क्षेत्र उत्सवमय बनेको छ । बानेश्वरकी प्रमिला श्रेष्ठलाई पनि मैतीदेवी मन्दिरको सजावटले आकर्षित गरेको छ । 'साँझपख झिलिमिली बत्तीले मन्दिर परिसर थप आकर्षक देखिएको छ,' उनले भनिन्, 'यहाँ आउँदा दसैं आएको जस्तो महसुस हुन्छ,' उनी मन्दिर पुगेर तस्बिर खिच्ने र टिकटक तथा रिल्स बनाउने गर्छिन् ।



मैतीदेवीसँगै नक्साल भगवती, गुह्येश्वरी, भद्रकाली, जयबागेश्वरी र शोभा भगवतीलगायत मन्दिरमा पनि दसैंको चहलपहल बढेको छ । देवीको दर्शन र पूजाआजाका लागि बिहानैदेखि भक्तजन पुग्ने गरेका छन् । बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मको उपस्थितिले मन्दिर परिसरमा चाडको उत्साह थपेको छ ।

काठमाडौंका मन्दिर धार्मिक आस्थाका केन्द्र मात्र होइनन्, ऐतिहासिक र सांस्कृतिक सम्पदासमेत हुन् । दसैंमा गरिने सजावटले तिनको आकर्षण बढाए पनि मौलिक स्वरूप र ऐतिहासिक संरचनाको संरक्षणमा ध्यान दिनुपर्ने मैतीदेवीका महेश शर्मा बताउँछन् । 'मन्दिरको वास्तविक पहिचान जोगाउन त्यसको मौलिक स्वरूप, ऐतिहासिक संरचना र धार्मिक मर्यादाको संरक्षण पनि आवश्यक छ,' उनले भने ।

दसैंमा मन्दिर आसपास फूलमाला र पूजासामग्री बेच्ने पसलमा पनि चहलपहल बढेको छ । प्रसाद किन्ने, दर्शनपछि आफन्तसँग भेटघाट गर्ने र परिवारसँग घुम्न निस्कनेहरूको उपस्थितिले मन्दिर क्षेत्रलाई सामाजिक भेटघाटको थलोसमेत बनाएको छ । भिड बढेसँगै मन्दिर व्यवस्थापन समिति र स्थानीय युवा क्लबले दर्शनार्थीको सहज आवागमन, सरसफाइ र सुरक्षामा ध्यान दिँदै आएका छन् । यसले राजधानीका मन्दिरमा धार्मिक गतिविधिसँगै दसैंको उल्लास थपेको छ ।

## ७४ लाख बढीको अवैध सामान बरामद



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २६ असोज

कपिलवस्तुमा भारतबाट अवैध रूपमा भित्र्याइएका पटका (आतिसबाजी), बोइलर कुखुराका चल्ला, मोटरसाइकलका पार्टपुर्जा तथा अन्य सामग्री प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका अनुसार असोज २५ र २६ गते विभिन्न स्थानबाट बरामद गरिएका सामानको अनुमानित मूल्य ७४ लाख रुपैयाँभन्दा बढी रहेको छ ।

जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएको टोलीले भारतबाट भन्सार छली नेपाल भित्र्याइएका सामान नियन्त्रणमा लिएको हो । प्रहरीले बरामद सामग्री आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाएको जनाएको छ ।

प्रहरीका अनुसार यशोधरा गाउँपालिका-६ पुर्दिहवाबाट प्रतिबन्धित विभिन्न किसिमका पटका बरामद गरिएको छ । उक्त सामानको अनुमानित मूल्य ३ लाख ३४ हजार ८१० रुपैयाँ रहेको छ । त्यस्तै, शिवराज नगरपालिका-५ चन्द्रौटाबाट बरामद गरिएको पटका ४ लाख ७४ हजार ४६१ रुपैयाँ बराबरको रहेको प्रहरीले जनाएको छ । दुवै स्थानबाट बरामद गरिएका पटका नष्ट गरिएको छ ।

यसैगरी, बाणगंगा नगरपालिका-११ ओदारीबाट करिब १३२० केजी फलफूल, ६४४ केजी रायो तथा ५०० पिस नरिवल बरामद गरिएको छ। उक्त सामानको अनुमानित मूल्य २ लाख २७ हजार रुपैयाँ रहेको छ । बरामद सामग्री भन्सार कार्यालय कपिलवस्तु पठाइएको प्रहरीले जनाएको छ ।

कृष्णनगर नगरपालिका-११ बडेमाडबाट भारतीय नम्बर प्लेटको युपी ५५ एल ५०३० नम्बरको मोटरसाइकलमा ल्याइँदै गरेका एक हजारवटा बोइलर कुखुराका चल्ला बरामद गरिएको छ । मोटरसाइकलको अनुमानित मूल्य ६० हजार रुपैयाँ र चल्लाको मूल्य १ लाख रुपैयाँ रहेको प्रहरीले जनाएको छ । मोटरसाइकल तथा चल्ला नष्ट गरी भन्सार कार्यालय कपिलवस्तु पठाइएको पत्रमा उल्लेख छ ।

त्यस्तै, कृष्णनगर नगरपालिका-११ रेनानगरबाट एमएच ४७ एटी ६४०३ नम्बरको मोटरसाइकलमा ल्याइँदै गरेका १ हजार ५०० वटा बोइलर कुखुराका चल्ला बरामद गरिएको छ । उक्त मोटरसाइकलको मूल्य १ लाख रुपैयाँ र चल्लाको मूल्य १ लाख ५० हजार रुपैयाँ अनुमान गरिएको छ। बरामद सामान नष्ट गरी भन्सार कार्यालय पठाइएको प्रहरीले जनाएको छ ।

यशोधरा गाउँपालिका-७ मर्यादपुरबाट मोटरसाइकलका विभिन्न पार्टपुर्जा पनि बरामद गरिएको छ । उक्त सामानको अनुमानित मूल्य २६ हजार ६०० रुपैयाँ रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले अवैध आयात तथा भन्सार छली नियन्त्रणका लागि निगरानी र कारबाहीलाई निरन्तरता दिइरहेको जनाएको छ।

## कांग्रेस...

सीता गुरुङ, रञ्जित कर्णसहितका नेता पराजित भए । समावेशी उपसभापतिमा चौधरीले एक हजार ७४५ मत प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी जीवन परियारले एक हजार ६५८ पाएका छन् । सोही पदका उम्मेदवार फरमुल्लाह मन्सुरले एक हजार १४४, सीता गुरुङले एक हजार ११२ र रञ्जित कर्णले ५६२ मत प्राप्त गरेका छन् ।

समावेशिताका हिसाबले कांग्रेस विधान उत्कृष्ट रहे पनि परिणामतः सामाजिक र राजनीतिक न्यायको दृष्टिकोणले समावेशी उपसभापतिमा अन्याय भएको उपसभापतिका निकटतम प्रतिस्पर्धी जीवन परियारले बताए । 'नेपाली कांग्रेसको विधान समावेशिताका दृष्टिकोणबाट उत्कृष्ट नै छ । तर यो क्लस्टरमा कसलाई प्राथमिकता दिने भन्ने कुरा पार्टीका नेता, कार्यकर्ता साथीहरूले विचार पुर्‍याउनुपर्ने कुरा हो । अहिलेको परिणामले अझै समावेशी राजनीतिक न्यायको पक्ष कमजोर रहेको देखायो ।' उनी आफैं विधान मस्यौदा समितिको सदस्य भएर उपसभापतिमा महिला र समावेशिताको क्लस्टर छुट्याउन लागिपरे । तर समावेशी उपसभापतिका परिकल्पानाकार नै परिणाममा पछि परेका हुन् ।

महामन्त्रीमा निर्वाचित प्रदीप पौडेलले चार हजार १९४, उदयशमशेर राणाले दुई हजार ३३० र डा. डिला संग्रौलाले तीन हजार ११८ मत पाए । महामन्त्रीको खुला प्रतिस्पर्धामा राणासँग निकटतम प्रतिस्पर्धी रहेका सुनील शर्माले दुई हजार २५७ मत प्राप्त गरेका छन् । विशेष महाधिवेशनबाट महामन्त्री बनेका गुरुराज घिमिरेले एक हजार ५१३, नैनसिंह महरले एक हजार १३४, अमरसिंह पुनले एक हजार १२५, शंकर तिवारीले १२३ र सन्तोष उपाध्यायले ९७ मत पाए । महामन्त्रीका बलिया उम्मेदवार मानिएका पुन छैटौं स्थानमा पुगे ।

त्यस्तै, महिला महामन्त्रीमा संग्रौलाले महालक्ष्मी उपाध्याय 'डिना'लाई २५४ मतले पराजित गरिन् । संग्रौलाले तीन हजार ११८ मत प्राप्त गर्दा उपाध्यायले दुई हजार ८६४ मत पाइन् । अर्की उम्मेदवार रीता खनालले ८०४ मत प्राप्त गरिन् । महिला उम्मेदवारी दर्तामै समावेशिता थिएन । खुला सहमहामन्त्रीको मत परिणाममा समेत खसआर्य समुदायकै अग्रता देखिएको छ । जसमा रामहरि खतिवडा र अजयबाबु शिवाकोटी जितनजिक पुगेका हुन् । अन्तिम परिणाम आउने चरणमा छ । अन्य क्लस्टरको मत परिणामसमेत त्यस्तै देखिएको छ । महिला सहमहामन्त्रीमा प्रतिमा गौतम र नानू बास्तोलाबीच प्रतिस्पर्धा हुँदा गौतम निर्वाचित भएकी छन् । उनीहरू खसआर्यसमुदायकै प्रतिनिधित्व गर्ने महिला हुन् । यद्यपि पार्टीले सबैको प्रतिनिधित्व सुनिश्चितता गर्न विधानमै समावेशी, समानुपातिको एजेन्डालाई प्राथमिकता दिएको छ ।

विधानको व्यवस्थाअनुसार सबै वर्ग, समुदायको प्रतिनिधित्व हुनेगरी उम्मेदवारी परेकाले महाधिवेशनमा मतपत्र नै २३ प्रकारको छापिएको कांग्रेस केन्द्रीय निर्वाचन समितिका संयोजक प्रेमबहादुर खड्काले बताए । नेपाली कांग्रेसका वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले नेपाली कांग्रेसले इतिहासमै सबै राजनीतिक दलहरूभन्दा बढी समावेशिताको अभ्यास गरेको दाबी गरे । उनले मध्यान्हसँग भने, 'नेपाली कांग्रेस पार्टी मात्रै त्यस्तो पार्टी हो जसले वडादेखि केन्द्रसम्म लैंगिक, जातिगत समुदाय, भौगोलिक र विदेशमा बस्ने नेपालीको समेत प्रतिनिधित्वलाई विधानमै सुनिश्चित गरेको छ ।' कांग्रेसको यो अभ्यास समावेशिताका हिसाबले सबैभन्दा उत्तम रहेको उनको भनाइ छ । विधानमा समावेशितालाई उच्च प्राथमिकता दिएको कांग्रेसले दाबी गरेको छ । तर पदाधिकारीमा अधिकांश उम्मेदवार खसआर्य समुदायकै बढी भएकाले सोहीअनुसार निर्वाचित भएको कांग्रेसका नेताहरूको भनाइ छ ।

## विशेष...

दिएको थियो । यस विषयमा सर्वोच्चले पुनः निस्सा दिएको थियो । अदालतमका अन्तिम परीक्षणको निस्सा विचाराधीन छ ।

कानुनी हिसाबले मुद्दा अझै बाँकी रहे पनि नियमित महाधिवेशनले चार वर्षका लागि नयाँ केन्द्रीय समिति बनाएको छ । प्रतिनिधिहरूले विशेष महाधिवेशनको वैधानिकता पुष्टि गर्ने गरी नेता चयन गरेका छन् । सभापतिसहित अधिकांश पदाधिकारीमा विशेष महाधिवेशनबाटै आएका नेताहरू छानिएका हुन् । वरिष्ठ उपसभापति विश्वप्रकाश शर्मा, उपसभापतिहरू मधु आचार्य, विनोद चौधरी, पुष्पा भुसाल, महामन्त्रीत्रय प्रदीप पौडेल, उदयशमशेर राणा र डा. डिला संग्रौलासहित अधिकांश नेता विशेष महाधिवेशनबाट स्थापित नेता हुन् । उपसभापतिमा विजयी भएका चन्द्रकान्त भण्डारी पछि जोडिएका नेता हुन् ।

महामन्त्री निर्वाचित पौडेल १४औं महाधिवेशनमा तत्कालीन सभापति शेरबहादुर देउवा पक्षबाट महामन्त्रीका उम्मेदवार थिए । त्यतिबेला दुई महामन्त्री पदमा गगन थापा र विश्वप्रकाश शर्मा निर्वाचित हुँदा उनी पराजित भएका थिए । त्यसपछि पार्टीभित्रको नेतृत्व परिवर्तनको प्रक्रियामा थापा नेतृत्वसँग नजिकिएका पौडेल विशेष महाधिवेशनबाट महामन्त्री बनेका थिए । यसअघि देउवानिकट नेताका रूपमा चिनिने राणा पनि विशेष महाधिवेशनबाट सहमहामन्त्री बनेका थिए । नियमित महाधिवेशनले उनलाई महामन्त्री पदमा पदोन्नति गराएको छ । विशेष महाधिवेशनबाट महामन्त्री बनेका गुरुराज घिमिरे भने एक हजार ५१३ मतसहित चौथो स्थानमा पुगे । नेविसंघका पूर्वअध्यक्ष नैनसिंह महर र लुम्बिनी प्रदेश कार्यसमितिका सभापति अमरसिंह पुन पनि पराजित भए । महर विशेष महाधिवेशनको विपक्षमा थिए भने पुन विशेष महाधिवेशनलाई लुम्बिनी प्रदेशमा स्थापित गर्ने नेता हुन् ।

महिला महामन्त्रीमा संग्रौला र उपाध्यायबीच प्रतिस्पर्धा भएको थियो । विशेष महाधिवेशनबाट सहमहामन्त्री बनेकी संग्रौला यसअघि देउवानिकट थिइन् । पार्टीको विशेष महाधिवेशनमा नै उनी थापा नेतृत्वसँग नजिकिएकी थिइन् । १४औं महाधिवेशनमा सहमहामन्त्री निर्वाचित उपाध्याय देउवा समूहबाट महाधिवेशनपूर्व मात्रै समायोजन भएकी थिइन् । देउवा पक्षले समानान्तर महाधिवेशनको तयारी गरिरहेका बेला उपाध्यायको नेतृत्वमा करिब ५० नेताहरू महाधिवेशनको अन्तिम समयमा मूलधारमा जोडिएका थिए । तीमध्ये अधिकांश नेता १५औं महाधिवेशनमा पराजित भएका छन् ।

## स्थानीय...

बुझाएको थियो । लामो समय गृह मन्त्रालयमा विचाराधीन रहेको उक्त मस्यौदा अगाडि बढ्न सकेन ।

यो विषयमा पछिल्लो समय पनि निर्वाचन आयोगले छलफल गरेको छ । १७ असोज २०८३ मा कान्तिपथस्थित आयोगकै कार्यलयमा भएको उक्त छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमोर्चा र नेपाल मजदुर किसान पार्टीलगायत २४ वटा राजनीतिक दलका प्रतिनिधि सहभागी थिए ।

दलहरूबाट प्राप्त सुझाव समेटेर निर्वाचनसम्बन्धी कानुनको एकीकृत मस्यौदालाई अन्तिम रूप दिने र सरकारमार्फत संसद्मा पठाउने तयारी छ । जसमा स्थानीय र प्रदेशको चुनाव एकैपटक गर्ने विषय राख्न खोजिएको छ ।

तर, कार्यकाल मिलाउने चुनौती कायमै छ । दुवै निर्वाचन एउटै मितिमा गर्न कार्यकाल र निर्वाचनसम्बन्धी कानुनी व्यवस्थाबीच समन्वय गर्नुपर्ने हुन्छ । यसका लागि कुन तहको निर्वाचनको समय मिलाउने, कार्यकालसम्बन्धी व्यवस्था कसरी व्यवस्थापन गर्ने र संविधान तथा कानुनले तोकेको प्रक्रियालाई कसरी पालना गर्ने भन्ने प्रश्नको निरूपण गर्नुपर्नेछ ।

स्थानीय तहको निर्वाचन ऐन २०७३ ले कार्यकाल सकिनुभन्दा दुई महिनाअघि निर्वाचन गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तोमा ४ मंसिर २०८४ मा कार्यकाल सहिने प्रदेशको चुनाव स्थानीय तहको सँगै गर्ने गरी मिति मिलाउन राजनीतिक सहमति र संविधानसँगै कानुनी स्पष्टता आवश्यक छ ।

तर सरकारका प्रतिनिधिहरू भने आवश्यकताको सिद्धान्तअन्तर्गत रहेर सहमतिमै स्थानीय र प्रदेशको चुनाव एकैपटक गर्न सकिने तर्क गर्छन् । यस्तै तर्कका आधारमा सरकारले दुवै तहको सरकार एकैपटक गर्ने गरी गृहकार्य अगाडि बढाएको हो । तर यस्तो गृहकार्यले औपचारिकता पाउन भने बाँकी छ ।

## दिल्लीबाट...

दिल्ली हाटमा भेला हुन आह्वान गरेकी थिइन् । उनको सन्देश थियो, 'आज दिल्ली हाट नै जन्तरमन्तर बन्छ ।'

सडकमा उनको उपस्थिति भने आकस्मिक होइन । यसअघि विद्यार्थी आन्दोलन र वामपन्थी राजनीतिमा सक्रिय रहेकी नेहा पछिल्ला महिनामा शिक्षा, परीक्षा प्रणाली र सरकारी जबाफदेहिताका विषय उठाउँदै राष्ट्रिय चर्चामा आएकी हुन् ।

सैनिक परिवारदेखि राजनीतिसम्म

नेपालको महेन्द्रनगरबाट करिब २५ किलोमिटर टाढा भारतको उत्तराखण्डस्थित खटिमाकी हुन्, २९ वर्षीया नेहा । उनको जन्म त्यहाँ भए पनि बाल्यकाल एकै ठाउँमा बितेन । भारतीय सेनामा कार्यरत बुबाको सरुवाका कारण उनी परिवारसँग विभिन्न सहरमा पुगिन् । पश्चिम बंगालको सिलिगुडीमा स्कुले शिक्षा पूरा गरेपछि उच्च अध्ययनका लागि दिल्ली पुगिन् ।

दिल्ली विश्वविद्यालयको हिन्दु कलेजबाट समाजशास्त्रमा स्नातक र डा. बिआर अम्बेडकर विश्वविद्यालयबाट स्नातकोत्तर गरेकी उनी अहिले जेएनयूमा थिएटर तथा प्रस्तुति अध्ययन विषयमा विद्यावारिधि गर्दै छिन् । उनको राजनीतिक यात्राको सुरुआत भने विश्वविद्यालयको मञ्च र सडक नाटकसँग जोडिन्छ । कलेजमा पढ्दा 'संगवारी' थिएटर समूहमा आबद्ध भएर अभिनय तथा सडक नाटकमा सहभागी भएकी उनले समाजका फरक वर्गका मानिसका अनुभव बुझ्ने अवसर पाइन् । सामाजिक असमानता र अन्यायप्रतिको चासो बढ्दै जाँदा उनको रुचि राजनीतितर्फ मोडियो ।

सन् २०१९/२० मा नागरिकता संशोधन कानुनविरुद्ध विद्यार्थी आन्दोलन चर्किंदा उनी पनि सडकमा उत्रिइन् । त्यसपछि उनको सक्रियता विद्यार्थी संगठनतर्फ बढ्यो । उनी वामपन्थी विद्यार्थी संगठन अल इन्डिया स्टुडेन्ट्स एसोसिएसन (आइसा)मा आबद्ध भइन् र पछि त्यसको राष्ट्रिय अध्यक्ष बनिन् ।

सैनिक परिवारमा हुर्किएकी युवती वामपन्थी राजनीतिमा लाग्नु उनको जीवनको उल्लेखनीय पक्ष हो । तर नेहा व्यक्तिको राजनीतिक विचार परिवारको पेसा वा पृष्ठभूमिले मात्र निर्धारण नगर्ने बताउँछिन् । विद्यार्थी र श्रमिकले भोग्ने असमानता तथा सरकारी नीतिबाट उत्पन्न समस्याले आफूलाई राजनीतिक रूपमा प्रभावित गरेको उनको भनाइ छ ।

२३ दिनको अनशन

नेहालाई विश्वविद्यालयको घेराबाट बाहिर चिनाउन यस वर्षको विद्यार्थी आन्दोलनले महत्त्वपूर्ण भूमिका खेल्यो । परीक्षा प्रणालीमा अनियमितता, प्रश्नपत्र चुहावट र प्रवेश परीक्षासम्बन्धी विवादविरुद्ध दिल्लीको जन्तरमन्तरमा भएको प्रदर्शनमा उनी सहभागी भइन् । शिक्षा प्रणालीमा सुधार र जिम्मेवार पदाधिकारीबाट जवाफ माग्दै उनले अन्य अभियन्तासँगै २३ दिनसम्म अनसनसमेत गरिन् ।

त्यसपछि उनका भाषण सञ्चारमाध्यम र सामाजिक सञ्जालमा फैलिन थाले । विद्यार्थीका परीक्षा र शुल्कसम्बन्धी समस्याबाट सुरु हुने उनका अभिव्यक्ति सार्वजनिक शिक्षाको अवस्था, रोजगारी, सामाजिक विभेद र राज्यको जवाफदेहितासम्म पुग्छन् ।

दिल्लीबाहिर पनि उनको सक्रियता देखियो । झारखण्डको राँचीमा सरकारी भर्ती परीक्षासम्बन्धी विवादमा भएको प्रदर्शनका क्रममा उनीमाथि कालो मसी फ्याँकिएको थियो । यस्ता घटनाले उनको चर्चा थप बढायो ।

उनी के चाहन्छिन् ?

नेहाको राजनीतिक धार स्पष्ट रूपमा वामपन्थी हो । उनी भाकपा (मार्क्सवादी-लेनिनवादी) लिबरेसनसँग सम्बन्धित आइसाको नेतृत्वमा छिन् । प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकार, भारतीय जनता पार्टी (भाजपा) र राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)का नीतिमाथि उनी आलोचनात्मक दृष्टिकोण राख्छिन् ।

उनका मुद्दा भने पार्टीगत विरोधमा मात्र सीमित छैनन् । सार्वजनिक शिक्षाको संरक्षण, परीक्षामा पारदर्शिता, विद्यार्थीलाई समान अवसर, रोजगारीका प्रश्न र श्रमिकका अधिकार उनका प्राथमिकतामा छन् । विद्यार्थी आन्दोलन चर्चामा आउने तर मजदुरका समस्या ओझेलमा पर्ने अवस्थाप्रति पनि उनले प्रश्न उठाउँदै आएकी छन् ।

फरक राजनीतिक विचार भएका समूहसँग साझा मुद्दामा सहकार्य गर्न सकिने उनको धारणा छ । सबै आन्दोलनकारी एउटै पार्टी वा विचारधाराका हुनुपर्छ भन्ने उनी मान्दिनन् । निर्वाचनमा भाग लिनुलाई राजनीतिमा योगदान गर्ने एकमात्र बाटो पनि ठान्दिनन् । सामाजिक आन्दोलन र संगठन निर्माणलाई उनी उत्तिकै महत्त्व दिन्छिन् ।

भारतीय सञ्चारमाध्यममा नेहाबारे मुख्यतः तीन विषयमा चर्चा भइरहेको छ- विद्यार्थी नेताबाट राष्ट्रिय आन्दोलनको अनुहार बनेको उनको यात्रा, पटक-पटकको प्रहरी नियन्त्रण र सरकारविरोधी प्रदर्शनमा उनको सक्रियता । उनको थिएटर पृष्ठभूमि र भिडलाई सम्बोधन गर्ने शैली पनि चासोका विषय बनेका छन् । अहिलेको विवाद मतदाता नामावली संशोधनसँग सम्बन्धित छ । आन्दोलनकारीले ठुलो संख्यामा मतदाताको नाम हटाइएको आरोप लगाउँदै प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा मागिरहेका छन् । आन्दोलनसँग सम्बन्धित समूहले करिब १३ करोड नाम हटाइएको दाबी गरेका छन् । निर्वाचन आयोग र भाजपाले भने प्रक्रियामा राजनीतिक पक्षपात भएको आरोप अस्वीकार गर्दै आएका छन् ।

यस विवादमा नेहा र अन्य युवा समूह सडकमा छन् । उनी न एक्ली आन्दोलनकारी हुन्, न त सबै समूहकी नेता । आइसा, कक्रोच जनता पार्टीसहित विभिन्न संगठन र स्वतन्त्र युवा प्रदर्शनमा सहभागी छन् । उनीहरूका विचार र संगठनात्मक पृष्ठभूमि फरक भए पनि अहिलेको मुद्दाले धेरैलाई एकै ठाउँमा ल्याएको छ ।

नेहाको राजनीतिक भविष्य कता जान्छ, स्पष्ट छैन । उनी चुनावी राजनीतिमा प्रवेश गर्छिन् वा विद्यार्थी तथा सामाजिक आन्दोलनमै सक्रिय रहन्छिन्, त्यो समयले देखाउनेछ । तर उत्तराखण्डको सैनिक परिवारबाट आएकी, समाजशास्त्र पढेकी र थिएटरमा रुचि राख्ने युवती अहिले भारतको सडक राजनीतिमा किन चर्चित छिन् भन्ने बुझ्न उनको यात्रा पर्याप्त छ ।

रोयटर्स र टाइम्स अफ इन्डियाको सहयोगमा ।

## युएईको...

भ्रमण तथा व्यावसायिक भिसामा युएई जाने नेपाली नागरिकका लागि प्रहरी चालचलन रिपोर्ट प्रमाणीकरण गर्न नपर्ने व्यवस्था मिलाउने प्रतिबद्धतासमेत राजदूतबाट व्यक्त भएको संघले बताएको छ ।

युएईले आधा शुल्क कटौती गरेपछि संघले आभार प्रकट गरेको छ । संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले अबदेखि भिजिट भिसा र बिजनेस भिसामा युएई जानका लागि नेपाल सरकारले जारी गरेको प्रहरी चालचलन रिपोर्ट मात्र भए पुग्ने र अन्य कुनै प्रमाणीकरणको आवश्यकता नपर्ने अवस्था उत्पन्न हुनु व्यवसायीका लागि सकारात्मक रहेको बताएका छन् ।

## तीस लाख नेपालीलाई बाथ रोगको समस्या

**काठमाडौं/मस-** झन्डै ३० लाख नेपालीलाई बाथ रोगको समस्या देखिएको छ । आरोग्य स्वास्थ्य सदन नेपाल बाथरोग उपचार केन्द्रका प्रमुख डा.बुद्धि पौडेलले सो तथ्य प्रकाश पारेका हुन् । नेपाल बाथरोगमैत्री समाजद्वारा आज यहाँ आयोजित विश्व बाथरोग दिवसका अवसरमा उनले बाथरोगले सबै उमेर समूहका मानिसलाई असर गर्ने जानकारी दिए । उनले उक्त रोगको समयमै उपचार नगरिए शरीरका जोर्नी बांगिने, कुरूप हुने र स्थायी रूपमा कमजोर बन्ने जानकारी दिए ।

पाटन अस्पतालका बाथरोग विशेषज्ञ डा केशव सिग्देलले जाडो मौसममा बाथका बिरामीको दुखाइ बढ्ने र पछिल्ला वर्षहरूमा यसका बिरामीहरू तीव्र रूपमा बढेको जानकारी दिए ।

उनले बाथरोगलाई धेरैजसोले केवल 'युरिक एसिड' वा सामान्य जोर्नी दुख्ने समस्यालाई समयमा उपचार गर्न आग्रह गरे । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले प्रत्येक वर्ष १२ अक्टोबरमा विविध कार्यक्रमका साथ यो दिवस विश्वभर मनाउँदै आएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०८०।०६।२२ मा दर्ता भएको **प्रा.लि. नं. ३२१४१८** को **ग्राण्ड नायल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६६।०४।०८ मा दर्ता भएको **प्रा.लि. नं. ६४२७५** को **सेक मल्टिपर्पोज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/१२/२७ मा दर्ता भएको **प्रा.लि. नं. ९२३२५** को **बिष्ट काफ्ट स्टुडियोज प्रा.लि.**को मिति २०८३/०६/२६ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः कुमार गुरुङ, इजाजतपत्र नं. ५२१, फोन नं. ९८४१८६१६३०**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६६।११।२६ मा दर्ता भएको **प्रा.लि. नं. ७११७४** को **हेप्पी नेबर गेष्ट हाउस** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# पेसागत सफलतामा पहिलो मानक नैतिकता, निष्ठा र इमानदारीपन चाहिन्छ : प्रधानमन्त्री



**काठमाडौं/मस-** प्रधानमन्त्री वालेन्द्र शाहले कुनै पनि पेसागत सफलताका लागि पहिलो मानक नैतिकता, निष्ठा र इमानदारीपन आवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय प्रहरी प्रतिष्ठान महाराजगञ्जमा सोमबार आयोजित प्रहरी निरीक्षक आधारभूत तालिम १-१८४औं समूहको दीक्षान्त समारोहमा प्रधानमन्त्री शाहले तालिममा सिकेको सिकाइलाई पूर्ण रूपमा आत्मसात् गर्न र व्यवहारमा उतार्न दीक्षित हुने सबैलाई निर्देशन दिए ।

उनले भने, 'पेसागत आचरण र अनुशासन कायम गर्दै, संविधान, प्रचलित कानुन, नियम, कार्यविधि र मापदण्डको सही रूपमा पालना गर्नु/गराउनु व्यक्तिको पेसागत सफलता रक्षा गर्न अहमं आवश्यकता पर्दछ । जिम्मेवारीप्रति जवाफदेहिता पनि महत्त्वपूर्ण पक्ष हो । प्रहरी सेवामा आबद्ध रहँदै गर्दा यी कुरालाई कार्यान्वयन गर्नुहोला ।'

उनले सधैं अग्रभागमा उभिएर देशमा निरन्तर शान्ति सुरक्षा कायम गर्ने, अपराध अनुसन्धान गर्ने र कुनै पनि स्वतन्त्रताको राष्ट्रिय रूपमा सही ढंगको रक्षा गर्ने जिम्मेवारी नेपाल प्रहरीको काँधमा रहेको बताए ।

प्रधानमन्त्री शाहले भने, 'यो महत्त्वपूर्ण जिम्मेवारी निभाउँदा कुनै पनि किसिमको अनुचित प्रभावमा नपरी भेदभाव नगरी आफ्नो कर्तव्यमा कटिबद्ध रहनुहोला । एकलभावले आफ्नो भूमिका र संस्थाको गति चल्दैछ भन्ने पाटोलाई बुझेर नागरिक भावनाअनुरूप काम गर्नुपर्छ ।'

आफ्नो संगठनमा पूर्णप्रतिबद्ध भई सहयोग र सहकार्यसँगै संलग्न रहन आग्रह गर्दै प्रधानमन्त्री शाहले सूचना प्रविधिको प्रयोगले कामलाई छिटो, छरितो, सहज र पारदर्शी तुल्याउन सकिने मात्र नभई समयको बचत, समयमै अपराधको अनुसन्धान र समयै घटनालाई नियन्त्रण गर्न सकिने धारणा व्यक्त गरे ।

'अपराधको निष्पक्ष, तथ्यपरक, वैज्ञानिक र प्रविधिमुखी अनुसन्धानका लागि सूचना प्रविधिको सही सदुपयोग गर्नुपर्नेछ । यसमा समग्र प्रहरी संगठनको नेतृत्व र प्रशिक्षणलगायतको पनि महत्त्वपूर्ण भूमिका हुन्छ,' उनले भने, 'सरकारले यस प्रकारको अनुसन्धानका लागि आवश्यक पर्ने स्रोत र साधन उपलब्ध गराउन र यहाँहरूप्रति आफ्नो जिम्मेवारी पूरा गर्न सधैं प्रतिबद्ध छ ।'

प्रधानमन्त्री शाहले दीक्षित भएका प्रहरीहरुलाई बधाई ज्ञापन गर्दै उज्ज्वल भविष्य र सफलताको कामना गरे । उनले प्रहरी सेवामा आबद्ध निरन्तर प्रेरित गर्ने परिवारजनप्रति पनि विशेष आभार व्यक्त गरे । समारोहमा ७९ जना प्रहरी निरीक्षक दीक्षित भएका थिए ।

# प्रहरीको शक्ति नागरिकको विश्वासमा निहित छ : आइजिपी कार्की



**काठमाडौं/मस-** प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले नेपाल प्रहरीको वास्तविक शक्ति कानूनले दिएको अधिकारमा मात्र नभई नागरिकले प्रदान गर्ने विश्वासमा समेत निहित रहेको बताएका छन् । सोमबार प्रहरी निरीक्षक आधारभूत तालिमको १८४औं समूहको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उनले प्रहरी संगठनलाई प्रविधिमैत्री, पारदर्शी र पूर्ण व्यावसायिक बनाउनुपर्नेमा जोड दिएका हुन् ।

महानिरीक्षक कार्कीले साइबर अपराध, अन्तरदेशीय अपराध र विपद् व्यवस्थापनजस्ता बदलिँदा सुरक्षा चुनौतीको सामना गर्न नेपाल प्रहरीले आफ्नो कार्यशैलीमा व्यापक परिवर्तन गर्नुपर्ने बताए । उनले सूचना प्रविधि, डिजिटल प्रणाली र कृत्रिम बौद्धिकता (एआई) को प्रयोगलाई व्यावसायिक विवेक, कानूनी प्रक्रिया र मानवअधिकारसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता औंल्याए ।

प्रहरी कर्मचारीहरू व्यक्तिगत धारणा, बाह्य प्रभाव र अनुचित दबाबबाट मुक्त रही कानूनको निष्पक्ष कार्यान्वयनमा खटिनुपर्ने उनको भनाइ थियो । कानुन कार्यान्वयन गर्नु मात्र पर्याप्त नहुने उल्लेख गर्दै उनले त्यसको प्रक्रिया पनि निष्पक्ष, पारदर्शी, सम्मानजनक र जवाफदेही हुनुपर्ने बताए । 'नेपाल प्रहरी संविधान र प्रचलित कानूनप्रति प्रतिबद्ध, निष्पक्ष र व्यावसायिक संगठन हो । व्यक्तिगत धारणा, बाह्य प्रभाव र अनुचित दबाबबाट मुक्त भई कानूनको निष्पक्ष कार्यान्वयन गर्नु प्रत्येक प्रहरी कर्मचारीको दायित्व हो,' उनले भने । महानिरीक्षक कार्कीले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य संवेदनशील समूहसँग सम्बन्धित घटनामा प्रहरीले विशेष संवेदनशीलता अपनाउनुपर्ने बताए। यस्ता घटनामा गोपनीयता कायम गर्दै पीडितकेन्द्रित दृष्टिकोणलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो ।

# गाउँ फर्किने यात्रुको चाप उच्च



**काठमाडौं/मस-** बडादसैं नजिकिएसँगै काठमाडौंको नयाँ बसपार्कबाट आफ्नो घर गाउँ फर्किने यात्रुको चाप बढ्न थालेको छ । दसैं मनाउन राजधानीमा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायमा संलग्न मानिसहरू धमाधम गाउँ फर्कन थालेका छन् । नयाँ बसपार्कबाट देशका विभिन्न जिल्ला जाने लामो तथा छोटो दूरीका सार्वजनिक यातायातमा यात्रुको चहलपहल बढेको छ। दसैंमा परिवार तथा आफन्तसँग भेटघाट गरी चाडपर्व मनाउन यात्रुहरू गाउँ फर्किने क्रम बढेको हो ।

नयाँ बसपार्क सञ्चालन गरेको संस्था लोत्से बहुउद्देश्यीय प्रालिका महाप्रबन्धक पंकज मल्लले यही असोज १७ देखि २५ गतेसम्म नयाँ बसपार्कबाट मात्र दुई लाख सात हजार २५१ यात्रु बाहिरिएको जानकारी दिए।

उनका अनुसार असोज १७ गते १८ हजार ७२९, असोज १८ गते १९ हजार ५३०, असोज १९ गते २३ हजार १६, असोज २० गते २९ हजार ६०२, असोज २१ गते २२ हजार २८८, असोज २२ गते २५ हजार २०१, असोज २३ गते ३१ हजार २३५, असोज २४ गते १६ हजार ९७० र असोज २५ गते २९ हजार ३८० यात्रु बाहिरिएका छन् ।

दसैंका लागि घर फर्किने यात्रुको सङ्ख्या बढेसँगै यातायात व्यवसायीलाई यात्रु व्यवस्थापन गर्न समस्या भएको छ। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव डेकनाथ गौतमले बाटोका कारण यातायात व्यवस्थापनमा समस्या भएको बताए । यही असोज २३ गते अग्रिम बस टिकट बुकिङ खुला गरेको दिन धादिङको गलौंदीस्थित पृथ्वी राजमार्ग भासिदा सवारीसाधन आवागमन अवरुद्ध हुँदा धेरै सवारीसाधन काठमाडौंमा रोकिँदा समस्या भएको महासचिव गौतमले बताए ।

महासंघले यात्रुलाई टिकट काटेर मात्र यात्रा गर्न, तोकिएको भाडा तिर्न र सवारीसाधनको अवस्था जाँच गरेर यात्रा गर्न आग्रह गरेको छ। दसैंले परिवार, आफन्त र समुदायबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने भएकाले रोजगारी तथा अध्ययनका लागि राजधानीमा बसोबास गर्दै आएका मानिसहरू चाडपर्व मनाउन घर फर्किने क्रम हरेक वर्ष बढ्ने गरेको छ ।

# केवाइसी अपडेटको बहानामा ५० लाख ठगी

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ असोज



बैंक तथा डिजिटल वालेटको केवाइसी अपडेट गर्ने बहानामा सर्वसाधारणबाट करिब ५० लाख रुपैयाँ ठगी गरेको आरोपमा एक भारतीय नागरिकसहित तीनजना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटले सोमबार पत्रकार सम्मेलन गरी पक्राउ परेका तीनजनालाई सार्वजनिक गरेको हो। पक्राउ पर्नेमा भारतको बिहारस्थित सीतामढीका २४ वर्षीय मोहम्मद साहिल र २२ वर्षीया सलोनी कुमारी सोनी तथा रौतहटको गौर नगरपालिका-५ का १८ वर्षीय नितेश कुशवाहा छन् ।

प्रहरीका अनुसार उनीहरूलाई असोज २३ गते गौर नगरपालिका-३ को पोखरिया टोल र वडा नं. ५ कोइरी टोलबाट पक्राउ गरिएको हो। हालसम्म यस घटनासम्बन्धी २२ वटा उजुरी परेका छन् भने वित्तीय अनुसन्धानबाट ४९ लाख ८७ हजार ३३३ रुपैयाँ ठगी भएको खुलेको प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए। प्रहरीले पक्राउ परेकाहरूको साथबाट एक लाख ६२ हजार २१० रुपैयाँ नेपाली र तीन हजार २३६ रुपैयाँ भारतीय नगद, सात थान मोबाइल, ११ थान सिमकार्ड, एटिएम कार्ड, चेकबुक, बैंक भौचर तथा अन्य डिजिटल र कागजी प्रमाण बरामद गरेको जनाएको छ। बरामद सामग्रीमा विभिन्न बैंकका १६ हजार र २० लाख रुपैयाँका चेकसमेत छन् ।

हार्दिक बधाई तथा शुभकामना
MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond
Head Office :
Dharan - 5, Mahendrapath, Sunsari, Nepal
Tel : 025-536317, 536505
E-mail : miteribank@wlink.com.np
२१ औं वर्षमा प्रवेश
सफलतापूर्वक आफ्नो कार्यकालको २० वर्ष पुरा गरी २१ वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
Corporate Office: X Block ,Kathmandu Plaza, Kamaladi Kathmandu, Nepal
+977-01-4168605/606/607/608
info@jbbl.com.np
Dharan Branch, Ph.: 025-535185

Reliable Life INSURANCE LTD.
...Reliable Forever
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4523618, 4523630, Fax No: +977-01-4523657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np
Regional Office: Itahari

Aswini Bansal
Biratnagar-10, Morang

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

MARCH

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०६/०७ मा दर्ता भएको **दर्ता नं. १४०४६७** को **सेवारो इन्भेष्टमेण्ट कम्पनी प्रा. लि.** को मिति २०८३/०६/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय वमोजिम खारेजी लिक्वडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै प्रकारको लेनदेन बाँकी वक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वडेटरको कार्यालयमा हकदावी गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः नीलकण्ठ पोखरेल,**
**इजाजत पत्र नं. ५१२,**
**ठेगाना : त्रिपुरेश्वर काठमाडौं,**
**फोन नं. ९८५१००६०४६**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२७**

मिति २०८३/०३/०७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नारीकोट डिजिटल स्टोर प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नारीकोट डिजिटल प्रा.लि (दर्ता नं.: ३७१०१६)** कायम गर्ने गरी मिति २०८३/०६/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## का.म.पा. ३ नं वडा कार्यालयबाट जारी कोठा खाली गरिदिने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मितिः २०८३/०६/२७)**

तपाई डिना कुँवर का.जी. का.म.पा. वडा नं ३ रानीबारीस्थित कान्छी श्रेष्ठको घरमा कोठा बहालमा बसोबास गरी आउनुभएकोमा घर बहाल समेत नबुझाई सम्पर्कविहीन भएकोले कोठा खाली गराई पाउन घरधनी कान्छी श्रेष्ठ यस काठमाडौ महानगरपालिका वडा नं. ३ को कार्यालयमा निवेदन दिनुभएको र तपाई समेतको बीचमा छलफल गराई साविक बहालमा लिएको फ्ल्याटबाट सारी हाल दुई कोठामा मात्र सामान राख्दी २०८१ मंसिर मसान्तसम्म सारीजाने सहमती भए बमोजिम हालसम्म मासिक बहाल समेत भुक्तानी नगरी मोबाइल समेत नउठाई सम्पर्क विहिन हुनुभएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र घरधनीलाई सम्पर्क गरी कोठासरी खाली गरी जानुहोला । तोकिएको म्यादभित्र कोठा खाली नभएमा कानुन बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।

# ऐरावती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**बरौंला, प्यूठान**
**लुम्बिनी प्रदेश, नेपाल**

## नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् र बिक्री कार्यको ठेक्का वन्दोवस्तीको लागि बोलपत्र आव्हानको सूचना

**सूचना नं. : १८/०८३/०८४**
**(प्रथम पटक प्रकाशित मिति :२०८३/०६/२७)**

नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क), लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०८३ को दफा ८ र अनुसुची ६, ऐरावती गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन-२०८३ को व्यवस्था र ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०६/०२ गतेको निर्णय बमोजिम आ.व.२०८३/०८४ का लागि यस गाउँपालिका क्षेत्र भित्रका नदी/खोलाहरुका स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् गरी ऐरावती गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी देहाय बमोजिमको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलवन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | दरभाउ पत्रका नाम/विवरण | उत्खनन् परिमाण (घन फिट) | बिक्री शुल्क प्रति घनफिट (मु.अ.कर बाहेक) | न्यूनतम बोलपत्र रकम (अग्रिम आयकर र मू.अ.कर बाहेक) | धरौटी रकम | फाराम शुल्क |
|---|---|---|---|---|---|---|
| 01/ARM/NCB/ Goods RBM-2083/084 | ऐरावती गाउँपालिका क्षेत्र भित्र पर्ने नदी/खोलाका स्वीकृत घाटहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन र घाटगद्दी तथा बिक्री सम्बन्धी कार्य | ४७०१६२/२१ | ८/०० | ३७६१२९७/६८ | कवोल गरेको अंकमा मू.अ.क. जोडी उक्त रकमको ५ % ले हुन आउने रकम नगदै वा कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत | ३००० |

**शर्तहरु :**

- बोलपत्र फारम खरिद गर्न ईच्छुक फर्म वा कम्पनीले फर्म वा कम्पनी नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि शाखा कार्यालय, ऐरावती मा रहेको यस कार्यालयको राजश्व खाता नं ग १.१-१८२०१४०००००७९ मा जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले २१ औं दिन **(२०८३/०७/१६ गते)** को कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।
- बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको (मु.अ.क.र अग्रीम कर सहित) ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि, ऐरावती शाखामा रहेको धरौटी खाता नं ग ३.१-१८२०१४०००००३१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।
- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, फोन नं, मोवाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिन **(२०८३/०७/१७ गते)** दिनको १२:०० बजे भित्र यस कार्यालयमा Hard Copy दर्ता गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
- प्रि विड बैठक यो सूचना प्रकाशित मितिले १५ औं दिन **(२०८३/०७/१० गते)** दिनको २:०० बजे गाउँपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्र दाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्यादनाघी वा रीत नपुगी पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- बोलपत्र स्वीकृत भएमा सो को सुचना पाएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता बापत ६० प्रतिशतले हुने रकम अनिर्वाय बुझाउनु पर्नेछ । दोस्रो किस्ता बाफत ४० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८४ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (Performance Bond) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । दोश्रो किस्ता बापतको रकम २०८४/०२/२० गते भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार गाउँपालिका/नेपाल सरकारलाई आयकर तथा अन्यकर बोलपत्रदाताले छुटै बुझाउनु पर्नेछ ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र ऐरावती गाउँपालिकाबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिबेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
- अन्य थप जानकारीको लागि ऐरावती गाउँपालिकाको सम्पर्क नं **९८५१०६६८५० मा सम्पर्क गर्न अथवा वेब साइट** www.airawatimun.gov.np मा हेर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२७ असोज २०८३ मंगलबार
13 October 2026 Tuesday

## सम्पादकीय

# एकैपटक चुनावमा प्रश्न

निर्वाचन लोकतन्त्रको आधार हो। यसलाई व्यवस्थित र कम खर्चिलो बनाउनु राज्यको दायित्व हो। यही उद्देश्यले सरकारले स्थानीय तह र प्रदेशसभाको निर्वाचन एकैपटक गर्ने गृहकार्य अघि बढाएको छ। दुवै तहको निर्वाचन एउटै मितिमा गर्दा राज्यको खर्च घट्ने र व्यवस्थापन सहज हुने अपेक्षा छ। तर, यो विकल्प कार्यान्वयन गर्न कानुनी र संवैधानिक जटिलता सुल्झाउनुका साथै राजनीतिक सहमति जुटाउन आवश्यक छ। निर्वाचन आयोगका अधिकारीहरूका अनुसार, दुवै तहको निर्वाचन एकैपटक गर्दा राज्यको चार अर्ब रूपैयाँभन्दा बढी खर्च बचत हुन सक्छ। छुट्टाछुट्टै निर्वाचन गर्दा दोहोरिने व्यवस्थापकीय खर्च घटाउन सके सार्वजनिक स्रोतको सदुपयोग हुनेछ। प्रशासनिक संयन्त्रलाई पनि बारम्बार निर्वाचनमा केन्द्रित हुनुपर्ने बाध्यता कम हुनेछ। त्यसैले संयुक्त निर्वाचनको सम्भावनाबारे गम्भीरतापूर्वक विचार गर्नुपर्छ।

लोकतन्त्रमा खर्च बचतभन्दा विधि, प्रक्रिया र कानुनी वैधताको अर्थ हुन्छ। संविधान र कानुनले तोकेको प्रक्रिया, जनप्रतिनिधिको कार्यकाल र निर्वाचन तयारीबीच तालमेल मिलाउनुपर्छ। स्थानीय तहको निर्वाचन ऐन, २०७३ले कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअघि निर्वाचन गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय तह र प्रदेशसभाको कार्यकाल समाप्त हुने समय फरक भएकाले दुवै निर्वाचन एउटै मितिमा गर्न कानुनी स्पष्टता र आवश्यक सहमति चाहिन्छ। निर्वाचनसम्बन्धी एकीकृत कानुन निर्माणमा भएको ढिलाइ पनि अन्त्य गर्नुपर्छ। निर्वाचन आयोगले सातवटा ऐनलाई एकीकृत गरी तयार पारेको विधेयकको मस्यौदा २०८० असार १८ मै सरकारलाई बुझाएको थियो। लामो समयसम्म अघि बढ्न नसकेको मस्यौदालाई अब प्राथमिकताका साथ टुंग्याउनुपर्छ। राजनीतिक दलबाट प्राप्त सुझाव समेटेर संसद्मा विधेयक पेस गर्ने काममा ढिलाइ गर्नु हुँदैन।

संयुक्त निर्वाचनका लागि राजनीतिक सहमति पनि उत्तिकै महत्त्वपूर्ण छ। निर्वाचन आयोगले विभिन्न दलसँग छलफल अघि बढाए पनि दलहरू पूर्ण रूपमा तयार भइसकेका छैनन्। सरकारले सहमतिका आधारमा निर्वाचनको समय मिलाउने विकल्प अघि सारेको छ। तर, संवैधानिक र कानुनी आधार स्पष्ट नभई निर्णयमा पुग्नु उचित हुँदैन। निर्वाचन आयोगको सुझाव र विज्ञहरूको रायलाई पनि महत्त्व दिनुपर्छ।

एउटै समयमा दुई तहको निर्वाचन गराउँदा मतदाताले दुवै तहका उम्मेदवार र तिनका एजेन्डा बुझ्ने पर्याप्त अवसर पाउनुपर्छ। निर्वाचनको निष्पक्षता, मतदाता शिक्षा, जनशक्ति परिचालन र व्यवस्थापनमा असर नपर्ने सुनिश्चितता पनि आवश्यक छ। खर्च घटाउने नाममा निर्वाचनको गुणस्तर र लोकतान्त्रिक अभ्यासमा सम्झौता हुनु हुँदैन। त्यसैले सरकारले निर्वाचन आयोग र राजनीतिक दलसँग समयमै सहमति जुटाएर कानुनी अड्चन हटाउनुपर्छ। जनप्रतिनिधिको कार्यकाल व्यवस्थापन र निर्वाचन तयारीलाई पनि सँगसँगै अघि बढाउनुपर्छ। संयुक्त निर्वाचन सम्भव छ भने त्यसको आधार समयमै तयार गर्नुपर्छ। राज्यको खर्च बचत गर्ने उद्देश्यसँगै संविधानको पालना, निष्पक्ष निर्वाचन र मतदाताको सहजतालाई केन्द्रमा राखेर निर्णय लिनु आवश्यक छ।

# बैंकिङ तरलता र लगानीको अवसर

नेपालको बैंकिङ क्षेत्रमा पर्याप्त तरलता भए पनि कर्जाको माग कमजोर हुँदा लगानीयोग्य रकम थन्किएको छ। निष्क्रिय कर्जा बढ्नु, नाफामा दबाब पर्नु र निक्षेपकर्ताको विश्वास कमजोर हुनु प्रमुख चुनौती बनेका छन्। डिजिटल बैंकिङ र वित्तीय पहुँच विस्तारले अवसर सिर्जना गरे पनि दिगो सुधारका लागि उत्पादनशील क्षेत्रमा लगानी, प्रभावकारी नियमन, पारदर्शी सेवा र ग्राहकको हित संरक्षण आवश्यक छ।

अग्रलेख



● कुशुम तिवारी पाठक

नेपालको बैंकिङ क्षेत्र अहिले विरोधाभासपूर्ण अवस्थाबाट गुज्रिरहेको छ। बैंक तथा वित्तीय संस्थामा पर्याप्त तरलता छ, तर कर्जाको माग र लगानीका अवसर कमजोर छन्। एकातिर लगानीयोग्य रकम उपयोग हुन सकेको छैन भने अर्कोतिर निष्क्रिय कर्जा बढ्दै जाँदा बैंकको नाफामा दबाब परेको छ। आर्थिक गतिविधिमा आएको सुस्तता, लगानीकर्ताको कमजोर मनोबल र उत्पादनशील क्षेत्रमा कर्जा विस्तार हुन नसक्नुले बैंकिङ क्षेत्रको चुनौती थपिएको छ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार २०८३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ८ हजार ४५८ अर्ब रुपैयाँ र कर्जा लगानी ६ हजार ६१ अर्ब रुपैयाँ रहेको छ। यस अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७ प्रतिशतले बढेको छ। बैंकिङ प्रणालीमा निक्षेपको आधार ठुलो भए पनि त्यसअनुसार लगानी विस्तार हुन नसकेको अवस्था छ। बैंकिङ क्षेत्रमा १७ खर्ब रुपैयाँभन्दा बढी लगानीयोग्य रकम थन्किएको तथ्यले पनि यस अवस्थालाई संकेत गर्छ।




बैंकिङ क्षेत्रको विस्तारसँगै यसका चुनौती पनि बढेका छन्। राष्ट्र बैंकको नियमन, डिजिटल बैंकिङको विकास र वित्तीय पहुँच विस्तार सकारात्मक पक्ष हुन्। तर निष्क्रिय कर्जा वृद्धि, कमजोर आर्थिक गतिविधि, उच्च सञ्चालन लागत र लगानीको सीमित अवसरले बैंकहरूको वित्तीय अवस्थामा दबाब सिर्जना गरेका छन्। यस्तो अवस्थामा बैंकिङ क्षेत्रलाई सुरक्षित, प्रतिस्पर्धी र उत्पादनमुखी बनाउनु आवश्यक छ।

### विस्तारसँगै बढेका चुनौती

नेपालमा बैंक तथा वित्तीय संस्थाको संख्या र पहुँच उल्लेख्य रूपमा विस्तार भएको छ। राष्ट्र बैंकको तथ्यांकअनुसार २०८३ साउन मसान्तमा २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र एक पूर्वाधार विकास बैंक गरी १०६ संस्था सञ्चालनमा छन्। 'क', 'ख' र 'ग' वर्गका संस्थामा ६ करोड २० लाखभन्दा बढी निक्षेप खाता र २० लाखभन्दा बढी कर्जा खाता रहेका थिए।

यद्यपि, संस्थाको संख्या र वित्तीय पहुँच विस्तार हुँदैमा बैंकिङ प्रणालीका सबै समस्या समाधान हुँदैनन्। कर्जाको माग कमजोर हुँदा कतिपय बैंकले शाखा व्यवस्थापन र लागत कटौतीमा ध्यान दिन थालेका छन्। आर्थिक गतिविधि सुस्त हुँदा व्यवसायीले नयाँ लगानी गर्न सकेका छैनन्। यसले बैंकको कर्जा विस्तार र आम्दानी दुवै प्रभावित पारेको छ।

बैंकिङ क्षेत्रको अर्को प्रमुख चुनौती निष्क्रिय कर्जाको वृद्धि हो। कर्जा लिएका व्यक्ति तथा संस्थाले निर्धारित समयमा साँवा र ब्याज भुक्तानी गर्न नसक्दा बैंकको सम्पत्तिको गुणस्तर कमजोर हुन्छ। निष्क्रिय कर्जा बढेमा बैंकले सम्भावित नोक्सानी व्यवस्थापनका लागि थप रकम छुट्याउनुपर्ने हुन्छ। यसले नाफा घटाउनुका साथै नयाँ कर्जा प्रवाह गर्ने क्षमतामा समेत असर पार्छ।

विगतमा अनुत्पादक क्षेत्रमा भएको कर्जा विस्तार, कमजोर कर्जा मूल्यांकन, आर्थिक अस्थिरता र नीतिगत अनिश्चितताले पनि जोखिम बढाएका छन्। बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा ऋणीको वास्तविक क्षमता, परियोजनाको सम्भाव्यता र लगानीबाट प्राप्त हुने प्रतिफललाई पर्याप्त महत्त्व दिन आवश्यक छ।

बैंकिङ क्षेत्रका चुनौती यतिमै सीमित छैनन्। उच्च सञ्चालन लागत, दक्ष जनशक्तिको अभाव, अस्वस्थ प्रतिस्पर्धा, कमजोर ग्राहक सेवा, साइबर सुरक्षा जोखिम र प्रविधिको तीव्र विकाससँगै सिर्जित जोखिम व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण छन्। मर्जर तथा प्राप्तिपछिको व्यवस्थापन, गैरबैंकिङ सम्पत्तिको उपयोग, सम्पत्ति तथा दायित्व व्यवस्थापन र अन्तर्राष्ट्रिय नियामकीय मापदण्डको पालना पनि बैंकका लागि चुनौती बनेका छन्।

त्यस्तै, ग्रामीण क्षेत्रमा वित्तीय सेवाको सीमित पहुँच, वित्तीय साक्षरताको अभाव, कर्जा सूचना प्रणालीको प्रभावकारिता र सम्पत्ति शुद्धीकरण नियन्त्रणका विषयलाई पनि प्राथमिकतामा राख्नुपर्छ। बैंकिङ प्रणालीलाई सुरक्षित र विश्वसनीय बनाउन नियमनसँगै संस्थागत सुशासन र जोखिम व्यवस्थापन सुदृढ हुनु आवश्यक छ।

### अवसरलाई उत्पादनशील लगानी

चुनौतीका बीच नेपाली बैंकिङ क्षेत्रमा अवसर पनि उत्तिकै छन्। नयाँ सरकारले आर्थिक सुधार, लगानी प्रवर्धन र पूर्वाधार विकासलाई प्राथमिकता दिन सके बैंकिङ क्षेत्रले नयाँ गति लिन सक्छ। राजनीतिक स्थिरता, स्पष्ट आर्थिक नीति र लगानीमैत्री वातावरणले निजी क्षेत्रको मनोबल बढाउन तथा कर्जाको माग विस्तार गर्न सहयोग पुऱ्याउन सक्छ।

सडक, जलविद्युत्, विमानस्थल, सिँचाइ, औद्योगिक क्षेत्र र अन्य पूर्वाधार परियोजनामा लगानी बढ्दा बैंकका लागि दीर्घकालीन कर्जा प्रवाहका अवसर सिर्जना हुन्छन्। कृषि, पर्यटन, उत्पादनमूलक उद्योग, साना तथा मझौला उद्यम र नवप्रवर्तनमा लगानी विस्तार गर्न सके रोजगारी सिर्जना र आर्थिक गतिविधि वृद्धिमा समेत योगदान पुग्छ।

यसका लागि सरकारले परियोजना कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ। लगानीकर्ताले आवश्यक पूर्वाधार, नीतिगत स्थिरता र सहज व्यावसायिक वातावरण पाउन सके बैंकबाट कर्जा लिएर नयाँ उद्यम सञ्चालन गर्ने सम्भावना बढ्छ। बैंकहरूले पनि परम्परागत धितोमा मात्र निर्भर नभई परियोजनाको सम्भाव्यता र नगद प्रवाहका आधारमा कर्जा मूल्यांकन गर्ने क्षमता विकास गर्नुपर्छ।

डिजिटल अर्थतन्त्रको विस्तार अर्को महत्त्वपूर्ण अवसर हो। मोबाइल बैंकिङ, विद्युतीय भुक्तानी र अनलाइन वित्तीय सेवाले ग्राहकलाई सहजता प्रदान गरेका छन्। प्रविधिको प्रभावकारी प्रयोगबाट बैंकको सञ्चालन लागत घटाउन, सेवा छिटोछरितो बनाउन र ग्रामीण क्षेत्रसम्म वित्तीय पहुँच पुऱ्याउन सकिन्छ। तर डिजिटल सेवासँगै साइबर सुरक्षा, व्यक्तिगत विवरणको गोपनीयता र ग्राहक संरक्षणमा पनि उत्तिकै ध्यान दिनुपर्छ।

नेपालमा विप्रेषणबाट प्राप्त रकम, युवा जनशक्ति, उद्यमशीलताको विकास र वित्तीय सेवाको बढ्दो प्रयोगले बैंकिङ क्षेत्रलाई थप विस्तार गर्ने सम्भावना छ। विदेशी लगानी आकर्षित गर्न सके अन्तर्राष्ट्रिय वित्तीय संस्थासँग सहकार्य, नयाँ प्रविधिको उपयोग र लगानीका विविध अवसर पनि बढ्न सक्छन्। तर यी अवसर स्वतः प्राप्त हुँदैनन्। त्यसका लागि सरकारले नीतिगत स्पष्टता दिनुपर्छ, नियामकले जोखिममा आधारित प्रभावकारी निगरानी गर्नुपर्छ र बैंकहरूले सुरक्षित तथा उत्पादनशील लगानीलाई प्राथमिकता दिनुपर्छ।

### निक्षेपकर्ताको विश्वास

बैंकिङ प्रणालीको आधार निक्षेपकर्ताको विश्वास हो। बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणको बचत संकलन गरेर आवश्यकताअनुसार विभिन्न क्षेत्रमा कर्जा प्रवाह गर्छन्। त्यसैले निक्षेपकर्ताले आफ्नो रकम सुरक्षित रहेको र बैंकले पारदर्शी सेवा प्रदान गरिरहेको विश्वास गर्न सक्नुपर्छ।

पछिल्ला वर्षमा बैंकिङ तथा वित्तीय सेवाप्रति ग्राहकको असन्तुष्टिका विभिन्न कारण देखिएका छन्। सहकारी क्षेत्रमा देखिएका समस्याले समग्र वित्तीय प्रणालीप्रतिको विश्वासमा असर पार्न सक्छ। बैंक तथा वित्तीय संस्थाको सेवा शुल्क, घट्दो निक्षेप ब्याजदर, डिजिटल सेवामा देखिने समस्या र कर्मचारीबाट अपेक्षित व्यवहार नपाउँदा पनि ग्राहक असन्तुष्ट हुन सक्छन्।

केही वर्षअघि मुद्दती निक्षेपमा उच्च ब्याज पाएका बचतकर्ताले अहिले कम प्रतिफल पाइरहेको अनुभव गरेका छन्। विशेषगरी ब्याज आम्दानीमा निर्भर ज्येष्ठ नागरिक र अवकाशप्राप्त व्यक्तिका लागि यस्तो अवस्था चुनौतीपूर्ण हुन सक्छ। मुद्रास्फीतिको तुलनामा निक्षेपको प्रतिफल कमजोर हुँदा बचतको वास्तविक मूल्य घट्न सक्छ। अर्कोतर्फ, निष्क्रिय कर्जा बढ्नुले निक्षेपकर्तामा आफ्नो रकमको सुरक्षाबारे चासो उत्पन्न गर्न सक्छ। यद्यपि, निष्क्रिय कर्जा बढ्दैमा बैंकमा राखिएको निक्षेप असुरक्षित भएको निष्कर्ष निकाल्नु उचित हुँदैन। बैंकको पुँजी, तरलता, सम्पत्तिको गुणस्तर र नियामकीय व्यवस्थासमेत हेरेर वित्तीय अवस्थाको मूल्यांकन गर्नुपर्छ।

निक्षेपकर्ताको असन्तुष्टि बढ्दै गएमा बैंकिङ प्रणालीप्रतिको विश्वास कमजोर हुन सक्छ। त्यसैले बैंकहरूले निक्षेपकर्ताको हितलाई प्राथमिकतामा राख्दै ब्याजदर, सेवा शुल्क र वित्तीय अवस्थासम्बन्धी सूचना पारदर्शी बनाउनुपर्छ। ग्राहकका गुनासा सुनुवाइ गर्ने प्रभावकारी व्यवस्था र सम्मानजनक सेवाले पनि विश्वास बढाउन मद्दत गर्छ।

### सुधारका लागि साझा जिम्मेवारी

बैंकिङ क्षेत्रका समस्या समाधान गर्न बैंक, सरकार र नियामक निकायबीच समन्वय आवश्यक छ। बैंकहरूले बजारको अवस्था र संस्थाको वित्तीय क्षमताअनुसार निक्षेपकर्तालाई न्यायोचित प्रतिफल दिनुपर्छ। अनावश्यक सेवा शुल्क घटाउने, शुल्कसम्बन्धी सूचना स्पष्ट पार्ने र ग्राहकका गुनासालाई समयमै सम्बोधन गर्ने व्यवस्था गर्नुपर्छ।

कर्जा प्रवाहमा सावधानी अपनाउनु अर्को महत्त्वपूर्ण पक्ष हो। बैंकहरूले ऋणीको भुक्तानी क्षमता र परियोजनाको सम्भाव्यता मूल्यांकन गरेर उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्छ। निष्क्रिय कर्जा नियन्त्रणका लागि समयमै जोखिम पहिचान, प्रभावकारी कर्जा अनुगमन र समस्याग्रस्त कर्जाको उचित व्यवस्थापन आवश्यक छ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको नियमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउनुपर्छ। पुँजी पर्याप्तता, तरलता, कर्जाको गुणस्तर र संस्थागत सुशासनमा निगरानी बढाउनुका साथै साइबर सुरक्षा र ग्राहक संरक्षणलाई पनि प्राथमिकता दिनुपर्छ। निक्षेप सुरक्षणसम्बन्धी व्यवस्थाबारे सर्वसाधारणलाई स्पष्ट जानकारी दिनु आवश्यक छ। निक्षेप सुरक्षणको विद्यमान सीमा र व्यवस्थालाई समयानुकूल बनाउने विषयमा पनि अध्ययन गर्न सकिन्छ।

सरकारले निजी क्षेत्रको मनोबल बढाउने, लगानीमैत्री वातावरण बनाउने र पूर्वाधार परियोजना समयमै कार्यान्वयन गर्ने नीति लिनुपर्छ। उत्पादनमूलक उद्योग, कृषि, पर्यटन र साना तथा मझौला उद्यममा लगानी बढाउने वातावरण बनेमा बैंकिङ क्षेत्रमा कर्जाको माग विस्तार हुन सक्छ। साथै, वित्तीय साक्षरता बढाएर सर्वसाधारणलाई बचत, कर्जा, ब्याजदर, डिजिटल सुरक्षा र वित्तीय जोखिमबारे जानकारी दिनुपर्छ। बैंकिङ क्षेत्रको विकासलाई संस्थाको संख्या, निक्षेपको आकार वा कर्जाको वृद्धिले मात्र मापन गर्नु पर्याप्त हुँदैन। बैंकले संकलन गरेको बचत अर्थतन्त्रका उत्पादनशील क्षेत्रमा कति प्रभावकारी रूपमा परिचालन भएको छ, कर्जा कति सुरक्षित छ र ग्राहकले कस्तो सेवा पाएका छन् भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

नेपालको बैंकिङ क्षेत्र अहिले चुनौती र अवसरको दोसाँधमा छ। पर्याप्त तरलतालाई उत्पादनशील लगानीमा रूपान्तरण गर्न सके बैंकिङ क्षेत्रले आर्थिक वृद्धि र रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान दिन सक्छ। त्यसका लागि बैंकको नाफा मात्र होइन, निक्षेपकर्ताको विश्वास, ग्राहकको हित, संस्थागत सुशासन र अर्थतन्त्रको दीर्घकालीन विकासलाई समेत केन्द्रमा राख्नुपर्छ।

**(लेखक तिवारी त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर हुन्।)**

# बलिप्रथा र पशुअधिकार

पैरवी



● प्रदीप उप्रेती

*धार्मिक आस्था र पशुअधिकारबीचको बहसमा मानवीय संवेदना महत्त्वपूर्ण हुन्छ। बलिप्रथा धार्मिक स्वतन्त्रतासँग जोडिए पनि निर्दोष प्राणीप्रतिको करूणा र अहिंसाको प्रश्नलाई बेवास्ता गर्न मिल्दैन। परम्पराको सम्मान गर्दै हिंसाको विकल्प खोज्नु र धार्मिक सहिष्णुता कायम राख्नु सभ्य समाजको साझा दायित्व हो।*

मानव समुदायलाई सामान्यतया हिंस्रक प्रजातिका रूपमा लिइँदैन। तर धार्मिक आस्थाका नाममा पशुपन्छीप्रति क्रूर व्यवहार हुँदै आएको छ। मठमन्दिरमा देवीदेवताको नाममा पशुपन्छीको बलि दिने प्रथा युगौंदेखि चल्दै आएको छ। बलिप्रथा धार्मिक दृष्टिले कति उचित छ भन्ने बहस आस्थासँग जोडिएको विषय हो। तर यसले पशुअधिकार र मानवीय संवेदनामाथि उठाउने प्रश्नलाई बेवास्ता गर्न सकिँदैन।

धर्मको मूल भावना करुणा, सद्भाव र लोककल्याणसँग जोडिएको मानिन्छ। यस्तो अवस्थामा ईश्वरको नाममा निर्दोष प्राणीको हत्या गर्नु कति सान्दर्भिक छ भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ। ईश्वरलाई सृष्टिका सबै प्राणीको सर्जक मान्ने हो भने कुनै प्राणीप्रति भेदभावपूर्ण व्यवहार उचित ठहऱ्याउन कठिन हुन्छ। त्यसैले बलिप्रथालाई परम्पराको निरन्तरताका आधारमा मात्र होइन, मानवीय संवेदना र नैतिकताका दृष्टिले पनि हेर्न आवश्यक छ।

कतिपय स्थानमा बलि दिनुअघि पशुपन्छीलाई पानी छ्यापेर वा अन्य तरिकाले तर्साउने चलन छ। त्यसपछि देखिने शारीरिक प्रतिक्रियालाई बलिका लागि शुभ संकेत मानिन्छ। तर यस्तो प्रतिक्रियालाई धार्मिक मान्यताका आधारमा व्याख्या गरिए पनि त्यसले बलि दिनुपर्ने औचित्य वैज्ञानिक रूपमा पुष्टि गर्दैन। पशुपन्छीको स्वाभाविक प्रतिक्रियालाई बलिको स्वीकृतिका रूपमा बुझ्नु उचित हुँदैन।

पशुपन्छी पनि पीडा र भय अनुभव गर्न सक्ने जीव हुन्। मानिसले आफ्नो धार्मिक आस्थालाई महत्त्व दिँदै गर्दा तिनको पीडा र जीवनप्रतिको संवेदनालाई पनि ध्यान दिनुपर्छ। धार्मिक आस्था र पशुअधिकारबीचको बहसलाई एक-अर्काको विरोधका रूपमा मात्र हेर्नुभन्दा दुवै पक्षको मानवीय र नैतिक पक्षबारे विचार गर्नु आवश्यक छ। बलिप्रथाको पक्षमा रहेका समुदायले यसलाई परम्परा र धार्मिक स्वतन्त्रतासँग जोडेर हेर्छन्। अर्कोतर्फ, पशुअधिकारका पक्षधरले निर्दोष प्राणीको हत्या रोक्नुपर्ने तर्क गर्छन्। यी फरक दृष्टिकोणबीच संवाद आवश्यक छ। कुनै समुदायको आस्थामाथि अपमान गर्नु उचित हुँदैन, तर परम्पराका नाममा हुने हिंसाबारे प्रश्न उठाउनुलाई पनि धार्मिक स्वतन्त्रतामाथिको आक्रमण ठान्नु हुँदैन।



धार्मिक आस्थाका नाममा हुने हिंसाको गम्भीर रूप नरबलि हो। मानवलाई नै धार्मिक अनुष्ठानका नाममा बलि दिने घटनाले अन्धविश्वास र विकृत मानसिकताको भयावह पक्ष उजागर गर्छ। यस्ता अपराधलाई कुनै पनि धार्मिक मान्यताका आधारमा उचित ठहऱ्याउन सकिँदैन। मानवअधिकारको सम्मान गर्ने समाजले अन्य प्राणीको जीवन र पीडाप्रति पनि संवेदनशीलता देखाउनुपर्छ।

बलिप्रथाको विकल्प खोज्नु धार्मिक आस्थाको अन्त्य गर्नु होइन। फलफूल, नरिवल वा अन्य वस्तु अर्पण गरेर पनि धार्मिक अनुष्ठान पूरा गर्न सकिन्छ। यस्ता विकल्पलाई स्वीकार गर्ने संस्कृतिको विकासले पशुपन्छीप्रतिको क्रूरता घटाउन सहयोग पुऱ्याउन सक्छ। परम्पराको संरक्षण गर्नु भनेको त्यसका हरेक अभ्यासलाई जस्ताको तस्तै निरन्तरता दिनु होइन। समयअनुसार हानिकारक अभ्यास सुधार्नु पनि सांस्कृतिक विकासकै हिस्सा हो।

नेपालको संविधानले धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रतालाई आत्मसात् गरेको छ। यसले विभिन्न धर्म र आस्थाका मानिसलाई आफ्नो विश्वासअनुसार जीवनयापन गर्ने अधिकार प्रदान गर्छ। तर धार्मिक स्वतन्त्रताको प्रयोग गर्दा प्रचलित कानुन र अरूको अधिकारको सम्मान गर्नुपर्छ। धार्मिक सद्भाव कायम राख्नु भनेको फरक आस्थाबीच सहिष्णुता अपनाउनु र असहमतिका विषयमा पनि मर्यादित संवाद गर्नु हो।

नेपालको विविध धार्मिक तथा सांस्कृतिक परम्परा सामाजिक एकताको महत्त्वपूर्ण आधार हो। फरक धर्म र आस्था भएका समुदायबीच परस्पर सम्मानको भावना कायम राख्नु आवश्यक छ। बलिप्रथाबारेको बहसले पनि धार्मिक समुदायबीच द्वन्द्व सिर्जना गर्नेभन्दा करुणा, अहिंसा र सहअस्तित्वको भावना बलियो बनाउन सहयोग गर्नुपर्छ।

मानिसले आफ्नो अधिकार र स्वतन्त्रताबारे सचेत हुँदै गर्दा पशुपन्छीको जीवनप्रतिको जिम्मेवारी पनि बिर्सनु हुँदैन। धार्मिक आस्था व्यक्तिगत र सामुदायिक विश्वासको विषय हो, तर त्यसको अभ्यासमा करुणा र विवेकलाई स्थान दिन सकिन्छ। हिंसाको विकल्प खोज्नु, पशुपन्छीप्रति दया देखाउनु र फरक आस्थाको सम्मान गर्नु परस्पर विरोधी कार्य होइनन्।

धर्मको सार अरूप्रति सद्भाव राख्नु र मानवता प्रवर्धन गर्नु हो। आफ्नो आस्थामा दृढ रहँदै अरूको विश्वासको सम्मान गर्न सकिन्छ। त्यसैगरी धार्मिक परम्पराको सम्मान गर्दै पशुपन्छीप्रतिको क्रूरता घटाउने उपाय पनि खोज्न सकिन्छ। धार्मिक आस्था, मानवीय संवेदना र पशुअधिकारबीच सन्तुलन कायम गर्न सके समाजमा अहिंसा, सहिष्णुता र शान्तिको भावना थप सुदृढ हुनेछ।

इतिहासको पाना ● सन्तोष खडेरी

# कान्ति र ईश्वरीले गरेका थिए त्रिवि शिलान्यास



२०१५ साल असार ११ गते दिवंगत राजा त्रिभुवनका बडामहारानीहरू कान्ति राज्यलक्ष्मी र ईश्वरी राज्यलक्ष्मीले त्रिभुवन विश्वविद्यालय भवनको शिलान्यास गरेका थिए। विश्वविद्यालय स्थापनाका लागि आवश्यक प्रारम्भिक खर्चसमेत उनीहरूले नै व्यवस्था गरेका थिए। प्रस्तुत तस्बिर त्यही समारोहको हो।

राणाकालमा महाराज मोहनशमशेरले नेपालमा विश्वविद्यालय खोल्ने प्रक्रिया सुरु गरी विभिन्न समिति र उपसमिति गठन गरेका थिए। तर, त्यो प्रयास सफल हुन सकेन। राजा त्रिभुवनको निधनपछि उनको स्मृतिमा विश्वविद्यालय स्थापना गर्ने प्रक्रिया अघि बढ्यो। सन् १९५३ को अन्त्यदेखि नेपालको शैक्षिक विकासमा सहयोग गर्न अमेरिकाको ओरेगन विश्वविद्यालयका प्राध्यापक ह्युग बी उड नेपालमा खटिएका थिए। सन् १९५५ मार्च १३ मा राजा त्रिभुवनको निधन भएपछि विश्वविद्यालय स्थापनाको गृहकार्यले गति लियो।

सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा नेपाल राष्ट्रिय शिक्षा आयोग गठन भयो। शिक्षा सल्लाहकारका रूपमा प्राध्यापक उडले काम गरे भने सन् १९५५ को अन्त्यतिर ओरेगन विश्वविद्यालयका पूर्वचान्सलर डाक्टर चार्ल्स बार्यनलाई करिब दुई वर्षका लागि प्राविधिक सल्लाहकारका रूपमा नेपाल बोलाइयो।

सन् १९५६ जनवरीमा नारायणहिटी राजदरबारले विश्वविद्यालय स्थापनासम्बन्धी मस्यौदा तयार गर्न शिक्षा विभागलाई निर्देशन दिएको थियो। जनवरी १३ मा यस विषयमा छलफल गर्न शिक्षाविद्, प्राध्यापक र बुद्धिजीवीहरूको सभा आयोजना गरियो।

राजा त्रिभुवनको निधनको प्रथम वार्षिकीका अवसरमा सन् १९५६ मार्च ३१ मा दुवै मुमाबडामहारानीले 'त्रिभुवन विश्वविद्यालय' स्थापना गर्ने घोषणा गरे। विश्वविद्यालय स्थापनाका लागि गठित आयोगमा महाकवि लक्ष्मीप्रसाद देवकोटासहित विभिन्न व्यक्तित्व सदस्य थिए। राजा महेन्द्र र नेपाल सरकारले पनि सहयोग गर्ने घोषणा गरिएको थियो।

आयोगले विश्वविद्यालयका लागि कीर्तिपुर क्षेत्रमा जग्गा छनोट गऱ्यो। त्यसपछि सन् १९५९ जुन २६ अर्थात् २०१५ साल असार ११ गते विश्वविद्यालय भवनको शिलान्यास भएको थियो।

# यु–१८ फुटबलमा बागमती र मधेशको टोली च्याम्पियन




**काठमाडौं/मस–** बागमती प्रदेशको मनकामना स्कुल र मधेश प्रदेशको जनज्योति सेकेन्डरी स्कुल एसियन पेन्ट्स अन्तरविद्यालय यु-१८ छात्र तथा छात्रा राष्ट्रिय फुटबल च्याम्पियनसिपको च्याम्पियन भएका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार भएको फाइनलमा मनकामना ब्वाइजतर्फ र मधेश गर्ल्सतर्फ च्याम्पियन भएको हो । देशभरबाट कुल ३२७ वटा विद्यालयले जिल्ला र प्रदेशमा छनोट हुँदै राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरेका थिए । तीमध्येबाट मधेशको जनज्योति गर्ल्समा र बागमतीको मनकामना ब्वाइजतर्फ च्याम्पियन भए ।

गर्ल्सतर्फ भएको फाइनलमा मधेशको जनज्योति सेकेन्डरीले सुदूरपश्चिम प्रदेशको श्री जीवनज्योति मावीलाई ७-२ गोलअन्तरले हरायो । मधेशको जनज्योतिका लागि अनिता रानामगरले ह्याट्रिक गरिन् । विजेता राईले समान दुई तथा दीक्षा रानापाल र रकिशा दंगालले समान एक गोल गरे । सुदूरपश्चिमकी विविशा विष्टले दुई गोल फर्काए पनि आफ्नो टोलीको हार टार्न सकिनन् । ब्वाइजतर्फ फाइनलमा बागमतीको मनकामनाले गण्डकी प्रदेशको गुरुकुल विद्यासदनलाई २-० ले हरायो । खेल सकिन एक मिनेट बाँकी छँदा दुई गोल व्यहोरेपछि गण्डकी उपाधिबाट बञ्चित भयो । विजेता टोलीले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ र ट्रफी प्राप्त गरे ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव रामचरित्र मेहता र नेपाली राष्ट्रिय फुटबल टोलीका कप्तान किरण चेम्जोङका साथै महिला टोलीकी पूर्वकप्तान अञ्जिला तुम्बाप्पो सुब्बा लगायतले पुरस्कृत गरे ।

# नेपालका पाँचजनालाई ओसिएको सम्मान



**काठमाडौं/मस–** ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)ले २०औं एसियाली खेलकुदको दौरान नेपाल ओलम्पिक कमिटीका चार जना र नेपालका एक खेल पत्रकारलाई प्रशंसापत्रसहित सम्मान गरेको छ ।

ओसिएले नेपाल ओलम्पिक कमिटी (एनओसी)का सचिव रामकृष्ण श्रेष्ठ, सदस्य लाक्पा छिरिङ लामा, कार्यकारी सचिव सुजनलाल श्रेष्ठ, आइटी एन्ड कम्युनिकेसन अफिसर आयुश जोशीका साथै गोरखापत्र दैनिकका खेल पत्रकार प्रजित शाक्यलाई एसियाली खेलकुदको पदक र कदरपत्रसहित सम्मान गरेको हो । एसियाको सर्वाधिक ठुलो खेल मेला एसियाडको खेल भावना, एकता र सहभागिताका मूल्यमान्यताको प्रवर्धन र प्रचारप्रसार गरेको भन्दै उनीहरूलाई सम्मान गरिएको हो ।

२०औं एसियाली खेलकुद जापानको आइची नागोया सहरमा सेप्टेम्बर १९ देखि अक्टोबर ४ तारिखसम्म आयोजना भएको थियो । आइची नागोया एसियाडमा ४५ देशका खेलाडी र अफिसियल गरी करिब १७ हजारको सहभागिता रहेको थियो । नेपालका १ सय ३५ खेलाडीले २१ खेलमा सहभागिता जनाएका थिए । २०औं एसियाडमा नेपालले दुई कास्यपदक हासिल गरेको थियो । करातेका तेन्जिङ शेर्पा र महिला कबड्डी टोलीले नेपाललाई कास्य दिलाएका थिए ।

# कटारीलाई राष्ट्रिय रग्बीको उपाधि




**सिन्धुली/मस–** दोस्रो शिखर ढकाल स्मृति यु-१७ टी-वान महिला तथा पुरुष राष्ट्रिय रग्बी प्रतियोगिताको उपाधि कटारी नगरपालिकाले जितेको छ ।

सोमबार सिन्धुलीको फिक्कल गाउँपालिकास्थित खाङसाङमा सम्पन्न फाइनल खेलमा आयोजक फिक्कल गाउँपालिकाको महिला र पुरुष टिमलाई हराउँदै कटारीले दुवैतर्फको उपाधि जितेको हो ।

महिलातर्फको फाइनल खेलमा कटारीले फिक्कललाई १-०ले हराउँदा पुरुषले पनि फिक्कलकै टिमलाई २-१ ले हरायो ।

उपाधिसँगै कटारीले ३० हजारसहित च्याम्पियन ट्रफी जित्यो भने उपविजेता फिक्कलले २० हजारमा चित्त बुझायो ।

यस्तै, महिलातर्फ बुढानिलकण्ठ नगरपालिकाले टोखा नगरपालिकालाई १-० ले हराउँदै तेस्रो भयो । पुरुषतर्फ बुढानिलकण्ठलाई अतिरिक्त समयमा पुगेको खेलमा फलको आधारमा ३-० ले हराउँदै तेस्रो भयो । निर्धारित समयमा दुवै टिमबाट कुनै पनि स्कोर हुन नसकेपछि अतिरिक्त समयमा धकेलिएको थियो । तेस्रो भएको दुवै टोलीले १० हजारसहित ट्रफी हात पारे ।

प्रतियोगितामा च्याम्पियन टिम कटारीकी सानामिका मगर महिलातर्फ उत्कृष्ट तथा पुरुषतर्फ उपविजेता फिक्कलका शिशिर ढकाल उत्कृष्ट खेलाडी घोषित हुँदै दुवै जनाले ट्रफी पाए ।

प्रतियोगितामा विजेता तथा उपविजेता खेलाडीलाई समापन समारोहका प्रमुख अतिथि नेपाल रग्बी संघका अध्यक्ष दीपक देवकोटा, फिक्कल गाउँपालिकाकी अध्यक्ष तथा संघकी बोर्ड सदस्य पार्वती सुनुवार, रग्बी संघको महासचिव गोविन्द घिमिरे, पालिकाका उपाध्यक्ष राजु बराल, प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर राजनमगर, मधेश प्रदेश खेलकुद परिषद्का बोर्ड सदस्य निशेषकुमार श्रेष्ठ, स्वर्गीय शिखर ढकालका पिता खगेन्द्र ढकाल, सुनकोसी माध्यमिक विद्यालयका प्रधानाध्यापक लक्ष्मी घिमिरे तथा बागमती प्रदेश रग्बी संघका बोर्ड सदस्य प्रकाश बराललगायतका अतिथिहरूले ट्रफी मेडल र प्रमाणपत्र वितरण गरे ।

पहिलो सेमिफाइनलमा महिला र पुरुष दुवै टिमले बुढानिलकण्ठलाई पराजित गर्दै फिक्कल फाइनलमा प्रवेश गरेको थियो । यस्तै, कटारीले महिलातर्फकै अर्को सेमिफाइनल खेलमा टोखा नगरपालिकालाई २-१ ले हरायो भने पुरुष टिमले गोलबजार नगरपालिकालाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो ।

समान समारोहमा पालिकाकी प्रमुख पार्वती सुनुवारले सहभागी सबै टिमलाई धन्यवाद दिँदै यो प्रतियोगितालाई निरन्तरता दिने विश्वास व्यक्त गरिन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/२७**

मिति २०८३/०६/१३ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एन.के.सी युरोलोजी नेफ्रोलोजी एण्ड ट्रान्सप्लान्ट सेन्टर प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेशनल किड्नी एण्ड ट्रान्सप्लान्ट हस्पिटल प्रा. लि. (दर्ता नं.: ३८८६७८)** कायम गर्ने गरी मिति २०८३/०६/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

धनुष यादवको नाति, वौए लाल यादवको छोरा, महोत्तरी जिल्ला, मटिहानी न.पा. वडा नं.३ बस्ने, यस बैंकको जनकपुर-बजरंगचोक शाखा कार्यालयको खातावाला श्री नारायण यादवको मिति २०८३/०२/०३ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी सुन्दर कुमारी यादवले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६०/०४/०२ मा दर्ता भएको **प्रा. लि. नं. २४५०२** को श्री **आई म्याक्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०६/२८ मा दर्ता भएको **प्रा. लि. नं. २४५२३१** को श्री **जि.पि.एस. एग्रो फार्म प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारीहरू हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **White Pearl Light Manpower Services Pvt. Ltd.** (श्रम इजाजत न.: ११२५/०७३/०७४) निम्न कर्मचारीहरु कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिसँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदी यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुन छैन । साथै कुनै दाबी बिरोध भएमा (७) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम, थर | ठेगाना | नागरिकता नं. | पद |
|---|---|---|---|---|
| १. | सुशिला तिवारी | फुजेल-५, गोरखा | ४४-०१-७२-१०५५३, गोरखा | लेखापाल |
| २. | जानुका थापा | ताप्ले-६, गोरखा | १२८७६५, गोरखा | कार्यालय सहयोगी |

White Pearl Light Manpower Services Pvt. Ltd.
Lic. No. 1125/073/74
Samakhushi, Townplaning, Kathmandu, Tel: 01-4982823, 4965003 Email : whitepearlmanpower@gmail.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२७**

मिति २०८३/०५/१८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **दि टेरेस रिसोर्ट प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिटीस्केप रिट्रिट प्रा.लि (दर्ता नं.: ३७६००९)** कायम गर्ने गरी मिति २०८३/०६/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२७**

मिति २०८३/०६/१३ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **फाइनस्पोर्टस् कम्पनी प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **वाईज्ली इन्टरनेस्नल प्रा.लि (दर्ता नं.: २४९३४४)** कायम गर्ने गरी मिति २०८३/०६/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## युएईमा रोजगार

कम्पनी : KHIDMAH- SOLE PROPRIETORSHIP L.L.C. UAE    शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०५/२०    चलानी नं.: ६०२४४५८८    LT. No.: 330788    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 81 | 94 | स. काममा दक्ष | 1000 | ४२०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ३ गते (20 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No. 1679/080/81
**Leading Manpower Recruitment Services Pvt.Ltd.**
Mid baneshwor, Kathmandu, Nepal, Tel No.: 01-4500260, 01-4500262, 9802070422,
Email: leadingmanpower.recruitnepal@gmail.com

## साउदीमा रोजगार

कम्पनीः SAKNAI MAINTENANCE AND CLEANING COMPANY    शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०८१/०९/१९    चलानी नं.: ६०२३०७९७    L.T. No.: 316591    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ४११२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ३ गते (20 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**  Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210
Mobile No: +977 970-6931956 (Lachhiram Dhungana)

## कुवेतमा रोजगार

कम्पनीः BAB SANA'S YEMEN RESTAURANT COMPANY    शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०९/१६    चलानी नं.: ६०२४९९१७    LT. No.: 336260    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | INDOOR CLEANER | 9 | 0 | स. काममा दक्ष | 120 | ६०१५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ३ गते (20 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.**  Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497, Contact : 9849036098, 9823461212 (Ujjwal Raut),
9704026025, 971-2028603, Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## ग्लोबल आइएमई बैंक लिमिटेडको

### धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०८३/०६/२७ गतेको मध्यान्ह राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात् कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरी नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत् बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनुहुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**न्यूरोड शाखा, काठमाडौं**

**ऋणीको विवरण**

| | |
|---|---|
| १. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, बबरमहल काठमाण्डौमा प्रा.फ.र.नं ३५६६१/०५१ अन्तर्गत मिति २०५१/११/२९ मा दर्ता कायम भएको **हिमालयन हर्वस ट्रेडर्स**<br>फर्म दर्ता ठेगाना : का.म.न.पा -४, बालुवाटार, काठमाडौं<br>स्थायी लेखा नं. ५००२२०११३, मिति : २०७६/०८/०८<br>**प्रोपाईटर : श्रीमती लैकु लामा**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा अल्पकालिन कर्जा** | २. कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय हुम्लामा उद्योग दर्ता नं. १९२५/०७६/०७७ अन्तर्गत मिति २०७६/०५/०५ मा दर्ता कायम भएको **हिमालयन हर्वस**<br>उद्योग दर्ता ठेगाना : सिमकोट गा.पा -३, हुम्ला<br>स्थायी लेखा नं. ५००२२०११३, मिति : २०७६/०८/०८<br>**प्रोपाईटर : श्रीमती लैकु लामा**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा अल्पकालिन कर्जा** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **श्रीमती लैकु लामा**<br>ना.प्र.नं. १३४५, जारी मिति : २०४८/०१/०४, जि.प्र.का. हुम्ला<br>बाबुको नाम : ताक्पा छोल्दान लामा<br>बाजेको नाम : कार्कित लामा<br>स्थायी ठेगाना : वरगाउ -५, हुम्ला<br>हालको ठेगाना : बुढानीलकण्ठ न.पा -५, काठमाडौं | **तेन्जिन डोमा लामा**<br>ना.प्र.नं. २७१५३६५/२२२२१, जारी मिति : २०६२/०२/२५, जि.प्र.का. काठमाडौं<br>बाबुको नाम : नर बहादुर लामा<br>बाजेको नाम : धने लामा<br>स्थायी ठेगाना : बिष्णु बुढानीलकण्ठ -३, काठमाडौं<br>हालको ठेगाना : बुढानीलकण्ठ न.पा -५, काठमाडौं |

**धितोको विवरण (घर/जग्गाको विवरण)**

१. कार्कित लामाको नातिनी, ताक्पा छोल्दान लामाको छोरी, श्रीमती लैकु लामाको नाममा मालपोत कार्यालय, चाबहिल, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला विष्णु (बुढानिलकण्ठ) गा.वि.स./ न.पा. वडा नं. ७ ग स्थित कि.नं. १५३ र २६३ को क्षेत्रफल क्रमशः १-२-३-० र ०-२-०-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. कार्कित लामाको नातिनी, ताक्पा छोल्दान लामाको छोरी, श्रीमती लैकु लामाको नाममा मालपोत कार्यालय, धुन्चे, रसुवामा दर्ता श्रेस्ता कायम रहेका रसुवा जिल्ला, लहरेपौवा गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १४३४, १४३५, ५४३, २११५ र २११७ को क्षेत्रफल क्रमशः ०-१३-२-०, ०-१३-२-०, १-१०-१-२, १-१४-०-० र २-८-०-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुड फर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी
पेश गर्नुपर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनुहुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभएसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्रवापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समयसीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ कार्तिक १० गते (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति : २०८३ कार्तिक ११ गते, समय : दिउँसो ३ बजे, स्थान : सम्बन्धित शाखा कार्यालयमा**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्टः ०१-५९७०६००**

गा.हु.का.द.नं. ३३/०६१/०७०
२७ असोज २०८३ मंगलबार
13 October 2026 Tuesday



दसैंका लागि किनमेल गर्न असन र इन्द्रचोकमा सर्वसाधरणको चहलपहल बढेको छ । पसलहरूमा ग्राहकको चाप बढेसँगै व्यापारीहरू पनि व्यस्त भएका छन् ।

# ‘कानुन संशोधन गरेर लगानीमैत्री वातावरण बनाउँछौं’

**चितवन/मस–** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले कानुन संशोधन गरेर लगानीमैत्री वातावरण बनाइने बताइन् । चितवन उद्योग संघको ३५औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले अस्पष्ट कानुनका कारण प्रशासनिक झन्झट व्यहोर्नुपरेकाले समयसापेक्ष संशोधन गरिने बताइन् ।



उद्योगी व्यवसायीहरूले कानुनी अस्पष्टताका कारण झन्झट व्यहोर्नुपरेको बताउँदै मन्त्री गौतमले भनिन्, ‘प्रशासनिक झन्झट त्यतिबेला आउँछ जतिबेला कानुनहरू अस्पष्ट हुन्छन् । अब अस्पट कानुनलाई स्पष्ट बनाएर विद्यमान समस्या समाधान गर्न लागिपरेका छौं ।’ देशमा कसरी लगानीमैत्री वातावरण बनाउने भन्ने सन्दर्भमा आफूहरूले निरन्तर प्रयासरत रहेको उनले प्रस्ट पारिन् । त्यसका लागि आवश्यक पर्ने पूर्वतयारीहरू सरकारले गरिरहेको मन्त्री गौतमले बताइन् । हालै मात्र लगानीमैत्री कानुनमा के-के सुधार गर्नुपर्छ ? भनेर बृहत् कार्यशाला गरिसकिएको उनले जानकारी दिइन् । लगानीमैत्री कानुन निर्माणका लागि नीति निर्माता, कर्मचारी तन्त्र, निजी क्षेत्र, राजनीतिक क्षेत्र सबै एकै ठाउँमा हुनुपर्नेमा उनको भनाइ थियो । कानुन निर्माण गर्ने विषय रातारात नहुने भन्दै मन्त्री गौतमले भनिन्, ‘अहिलेसम्म तपाईंहरूले भोग्नुभएको समस्या बर्सौंदेखि जेलिँदै आएका समस्या हुन् । सुधारमुखी कुराहरू देखिनका लागि कानुनको संशोधन गर्नुपर्‍यो । संशोधनको चरणमा बल्ल हामी पुगेका छौं ।’

बिनातयारी कानुन संशोधन भयो भने त्यसको मूल्य नेपाली जनताले तिर्नुपर्ने भन्दै उनले भनिन्, ‘थोरै ढिला भएर केही हुँदैन । दीर्घकालीन रूपमा समस्या समाधान हुने गरी पूर्वतयारी गरेर छलफल र संवाद गरिरहेका छौं ।’ ‘फास्टट्र्याक’बाट कानुन निर्माण गर्न पनि ६ देखि आठ महिना लाग्ने भन्दै उनले अब कानुन निर्माणको चरणमा पुगेको बताइन् ।

कार्यक्रममा बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले उद्योगी व्यवसायीको समस्या समाधान गर्न प्रदेश सरकार लागि परेको बताए । नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष शोभा गुरुङले भोटेकोशी बाढीमा प्रभावित भएका उद्योग पुनर्स्थापनाका लागि सरकारले सहयोग गर्नुपर्नेमा जोड दिइन् ।

# भगवती कम्पोजिट इन्डस्ट्रिजको १० प्रतिशत बोनस सेयर पारित

**चितवन/मस–** भगवती कम्पोजिट इन्डस्ट्रिज लिमिटेडको दोस्रो वार्षिक साधारणसभाले १० प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गरेको छ । साधारणसभाले कम्पनीको जारी पुँजी ४२ करोड रुपैयाँबाट बढाएर ७५ करोड रुपैयाँ पुर्‍याउने र बोनस सेयर वितरणपछि २० प्रतिशत हकप्रद सेयर निष्कासन गर्ने प्रस्तावसमेत पारित गरेको छ । सभाले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्नुका साथै आगामी आर्थिक वर्षका लागि लेखापरीक्षक नियुक्ति र सञ्चालक समितिका सदस्यको नियुक्ति अनुमोदन गरेको छ । कम्पनीले आवश्यक कानुनी प्रक्रिया तथा नियामकीय स्वीकृति पूरा गरी आइपिओ निष्कासन प्रक्रिया अघि बढाउने जनाएको छ । कम्पनीले डब्लुपिसी ढोका, फ्रेम, वाल प्यानल तथा फाइबरजन्य सामग्री उत्पादन गर्दै आएको छ ।



# ग्लोबल आइएमई बैंक दुई विधामा ‘फोनपे अनर्स २०८३’ बाट सम्मानित

**काठमाडौं/मस–** ग्लोबल आइएमई बैंक लिमिटेड ‘फोनपे अनर्स २०८३’अन्तर्गत दुई प्रतिष्ठित विधामा सम्मानित भएको छ । नेपालको डिजिटल वित्तीय भुक्तानी प्रणालीको प्रवर्धन तथा विकासमा पुर्‍याएको उत्कृष्ट योगदानको कदर गर्दै बैंकलाई यी पुरस्कार प्रदान गरिएको हो ।

बैंकले ‘हाइएस्ट फोनपे डाइरेक्ट भोलुम (इस्युअर)’ र ‘हाइएस्ट फोनपे क्युआर भोलुम (इस्युअर)’ विधामा अवार्ड प्राप्त गरेको छ । आफ्नो मोबाइल बैंकिङ एप ‘ग्लोबल स्मार्ट प्लस’मार्फत अन्तरबैंक रकम स्थानान्तरण (आइबिएफटी) र फोनपे क्युआर कारोबारमा ग्राहकलाई सहज भुक्तानी सेवा उपलब्ध गराउँदै सबैभन्दा बढी कारोबार गर्न सफल भएकाले बैंकलाई यी दुई विधामा पुरस्कृत गरिएको जनाइएको छ ।




ग्राहकलाई सुरक्षित, भरपर्दो र प्रभावकारी डिजिटल वित्तीय सेवा उपलब्ध गराउँदै डिजिटल भुक्तानी प्रणालीलाई व्यापक बनाउन बैंकले खेलेको भूमिकाको कदरस्वरूप यो सम्मान प्रदान गरिएको बैंकले उल्लेख गरेको छ । ग्राहकहरूले बैंकको मोबाइल बैंकिङ एपमार्फत सहजै खाताबाट रकम स्थानान्तरण तथा क्युआरमार्फत भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

डिजिटल बैंकिङ प्रणालीप्रति ग्राहकहरूको बढ्दो आकर्षण र बैंकको ग्राहककेन्द्रित नवप्रवर्तनकारी सेवाकै कारण यो उपलब्धि सम्भव भएको बताइएको छ । बैंकले आगामी दिनमा पनि डिजिटल रूपान्तरण, वित्तीय समावेशीकरण र विद्युतीय भुक्तानी पूर्वाधार विस्तारलाई प्राथमिकता दिँदै नगदरहित (क्यासलेस) कारोबारलाई थप सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

# सिटिजन्स बैंकद्वारा ३०० विद्यार्थीलाई न्यानो स्वेटर वितरण

**काठमाडौं/मस–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत कर्णाली प्रदेशअन्तर्गत जुम्ला शाखाबाट पातारासी गाउँपालिका-७ स्थित रिनीमा रहेको सरस्वती माध्यमिक विद्यालयका ३०० विद्यार्थीलाई न्यानो स्वेटर प्रदान गरेको छ ।



विद्यालयमा आयोजित एक समारोहका बीच यस बैंकको जुम्ला शाखामार्फत सहयोग स्वरूप स्विटरहरू हस्तान्तरण गरेको छ । ग्रामीण भेगका विपन्न पृष्ठभूमिका विद्यार्थीलाई जाडाको समयमा विद्यालय जान सहयोग पुग्ने उद्देश्यले न्यानो स्वेटर वितरण गरिएको हो । यस पहलबाट ग्रामीण भेगका विद्यालयको शैक्षिक कार्यक्रममा सहयोग पुग्ने विश्वास बैंकले लिएको हो । आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदिजस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना रहेको विषय जानकारी गराएको छ ।

# ललितपुरमा ‘नट्स एन्ड स्कुप’ जेलाटो ब्रान्डको उद्घाटन

**काठमाडौं/मस–** नेपाल-इटाली चेम्बर अफ कमर्स (एनआइसिसिआई)का अध्यक्ष सञ्जय अग्रवालले सानेपामा इटालियन शैलीबाट प्रेरित प्रिमियम जेलाटो ब्रान्ड ‘नट्स एन्ड स्कुप’को उद्घाटन गरेका छन् ।

मोनिका टापरिया र विपीन अटलद्वारा स्थापित ‘नट्स एन्ड स्कुप’ले इटालियन जेलाटो बनाउने परम्परागत सीप र शैलीबाट प्रेरित स्वादलाई नेपाली बजारमा भित्र्याएको छ । २० भन्दा बढी स्वादका जेलाटो व्यावसायिक जेलाटो निर्माणका लागि प्रयोग गरिने इटालियन उपकरण, उच्च गुणस्तरका कच्चापदार्थ र इटालीस्थित जेलाटो युनिभर्सिटीबाट विशेष तालिमप्राप्त संस्थापकहरूको अनुसन्धान, नवप्रवर्तन र गुणस्तरप्रतिको प्रतिबद्धता झल्काउँछ ।




अध्यक्ष अग्रवालले यस उद्यमशील पहलको प्रशंसा गर्दै नेपाल र इटालीबीच परम्परागत व्यापारभन्दा बाहिर पनि सहकार्यका सम्भावना विस्तार हुँदै गएको बताए । एनआइसिसीआईका अध्यक्षका रूपमा अग्रवालले नेपाल र इटालीबीचको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन व्यापार, लगानी, व्यावसायिक साझेदारी, पर्यटन तथा सांस्कृतिक आदानप्रदान प्रवर्धनमा जोड दिँदै आएका छन् । उनले अन्तर्राष्ट्रिय विशेषज्ञता, सीप र नवप्रवर्तनलाई नेपालमा भित्र्याउने तथा र दुई देशका नागरिकबीचको सम्बन्ध विस्तार गर्ने उद्यमलाई प्रोत्साहन गर्नुपर्ने बताए ।

‘नट्स एन्ड स्कुप’को सुरुवात इटालियन पाक परम्परा र विशेषज्ञताले नेपालमा उद्यमशीलतालाई कसरी प्रेरित गर्न सक्छ भन्ने उदाहरणका रूपमा रहेको छ । यसले दुई देशबीच सांस्कृतिक आदानप्रदानलाई प्रवर्धन गर्नुका साथै आपसी सम्बन्धलाई थप प्रगाढ बनाउन योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

संस्थापकहरूले नवप्रवर्तन, ग्राहकको प्रतिक्रिया र इटालीमा थप व्यावसायिक तालिममार्फत आफ्ना उत्पादन तथा सेवालाई निरन्तर परिष्कृत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् । उद्घाटनका दिन २०० भन्दा बढी ग्राहकले ब्रान्डको आउटलेट भ्रमण गरेको संस्थापकहरूले जानकारी दिएका छन् । सानेपाबाट आफ्नो सेवा सुरु गरेको ‘नट्स एन्ड स्कुप’ले नेपालमा प्रिमियम जेलाटो गन्तव्यका रूपमा स्थापित हुने लक्ष्य राखेको छ । इटालियन पाककला र शिल्पकौशलको अनुभव नेपाली उपभोक्तामाझ पुर्‍याउँदै उद्यमशीलता तथा अन्तर सांस्कृतिक सहकार्यलाई प्रोत्साहन गर्नु ब्रान्डको उद्देश्य रहेको छ ।

# गरिमा विकास बैंकले २० प्रतिशत लाभांश दिने

**काठमाडौं/मस–** गरिमा विकास बैंकले २० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बैंकको बीसौं वार्षिक साधारणसभाले सेयरधनीहरूलाई हाल कायम चुक्ता पुँजीको १० प्रतिशत बोनस सेयर र १० प्रतिशत नगद लाभांश (प्रस्तावित बोनस सेयर र नगद लाभांशको करसहित) गरी कुल २० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।




हाल विकास बैंकको चुक्ता पुँजी ६ अर्ब २ करोड १३ लाख ४८ हजार ३०० मा यस वार्षिक साधारणसभाबाट पारित भएको १० प्रतिशत बोनस सेयर वितरणपश्चात् विकास बैंकको जारी तथा चुक्ता पुँजी ६ अर्ब ६२ करोड ३४ लाख ८३ हजार २०० पुग्नेछ ।

# एनसेल र सामसङबीच सहकार्य, विद्युतीय उपकरणको खरिदमा ३१ प्रतिशतसम्मको छुट

**काठमाडौं/मस–** एनसेलले सामसङ नेपालसँग सहकार्य गर्दै आफ्ना ग्राहकलाई सामसङका घरायसी विद्युतीय उपकरणमा विशेष छुटको सुविधा उपलब्ध गराउने भएको छ । यसअन्तर्गत टेलिभिजन, फ्रिज तथा वासिङ मेसिनलगायत उपकरणको खरिदमा ग्राहकले अब अतिरिक्त छुटसमेत पाउँछन् ।

चाडपर्वको रौनक छाइरहेका बेलामा एनसेलका ग्राहकले सामसङले चाडपर्वका अवसर पारेर उपलब्ध गराउँदै आएको छुटमा थप १२ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्छन् । यसबाट ग्राहकले अब कुल ३१ प्रतिशतसम्म आफ्नो खर्च बचत गर्न सक्नेछन् । ग्राहकले प्राप्त गर्ने अतिरिक्त छुट ५ प्रतिशत, ८ प्रतिशत वा १२ प्रतिशत उनीहरूले लिएको प्याक वा रेन्टल प्याकमा निर्भर हुन्छ । एनसेलका प्रोडक्ट डाइरेक्टर ललित शारदा र सामसङ नेपालका प्रबन्ध निर्देशक चाङ उक जङको उपस्थितिमा उक्त सहकार्यलाई औपचारिक रूप दिइएको छ । यस सहकार्यले ग्राहकलाई थप लाभ प्रदान गर्ने र सेवा अनुभवलाई अझ उत्कृष्ट बनाउने दुवै कम्पनीहरूले साझा प्रतिबद्धतालाई प्रतिविम्बित गरेको छ ।




यो अफर कात्तिक ३० सम्म लागू हुनेछ । ग्राहकले एनसेल एपको ‘पार्टनर्ड सर्भिसेज’ सेक्सनमा गएर आफ्नो योग्यता जाँच गरी नेपालभरिका सहभागी सामसङका आधिकारिक बिक्री केन्द्रहरूमा गई यो सुविधा लिन सक्नेछन् । ‘एनसेलमा हामीले सधैं कनेक्टिभिटी सेवामा मात्र सीमित नभई ग्राहकलाई थप मूल्य र लाभ प्रदान गर्ने लक्ष्य राख्दै आएका छौं । यसै प्रतिबद्धतालाई निरन्तरता दिँदै यस चाडपर्वको अवसरमा सामसङसँग सहकार्य गर्न पाउँदा हामी हर्षित छौं । यस सहकार्यबाट हाम्रा ग्राहकले विश्वासिलो ब्रान्डका घरायसी विद्युतीय उपकरण खरिद गर्दा अतिरिक्त छुटको लाभ लिन सक्छन् । यसले चाडपर्वको खुसीलाई अझ बढाउनुका साथै ग्राहकलाई खुसी साट्दै चाडपर्व मनाउन थप उत्साह प्रदान गर्ने विश्वास लिएका छौं,’ एनसेलका प्रोडक्ट डाइरेक्टर ललित शारदाले भने ।

यो अतिरिक्त छुट प्राप्त गर्न योग्य ग्राहकले एनसेल एपको ‘पार्टनर्ड सर्भिसेज’ सेक्सनमा गई आफ्नो योग्यता जाँच गर्नुपर्नेछ । त्यसपश्चात्, नेपालभरिका रहेका कुनै पनि सामसङका आधिकारिक बिक्री केन्द्रमध्ये आफूलाई पायक पर्ने केन्द्रमा गई छुट लिन सकिन्छ ।

# इनड्राइभको ‘भाडामा कुरा मिल्छ, दुवैको चित्त बुझ्छ’ क्याम्पेन

**काठमाडौं/मस–** विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म इनड्राइभले नेपालमा यात्रुलाई लक्षित गर्दै नयाँ प्यासेन्जर ३६० क्याम्पेन ‘भाडामा कुरा मिल्छ, दुवैको चित्त बुझ्छ’ सार्वजनिक गरेको छ । ‘भाडामा कुरा मिल्छ, दुवैको चित्त बुझ्छ’ क्याम्पेनले यात्रुलाई भाडा निर्धारणमा छनोटको स्वतन्त्रता प्रदान गर्नुका साथै छिटो, सहज र भरपर्दो सवारी सेवा उपलब्ध गराउने इनड्राइभको प्रतिबद्धतालाई जोड दिएको छ ।




यात्रु र चालकबीचको आपसी सहमतिमा भाडा निर्धारण गर्ने अवधारणालाई क्याम्पेनको केन्द्रमा राखिएको छ । इनड्राइभ एपमार्फत यात्रुहरूले सुझाव गरिएको भाडा हेरेर आफूले तिर्न चाहेको रकम प्रस्ताव गर्न सक्छन् । नजिकै रहेका चालकहरूले उक्त प्रस्ताव स्वीकार गर्न वा आफ्नोतर्फबाट वैकल्पिक भाडा प्रस्ताव गर्न सक्छन् । इनड्राइभका एसिया प्यासिफिक रिजनल डाइरेक्टर मार्क टलीले भने, ‘काठमाडौंका यात्रुका लागि सवारी सेवा प्रयोग गर्दा भाडाको पूर्वजानकारी र समयमै सवारी उपलब्ध हुनु महत्त्वपूर्ण पक्ष हुन् । आपसी सहमतिमा भाडा निर्धारण गर्ने व्यवस्था इनड्राइभको सुरुवातदेखि नै प्रमुख विशेषता रहँदै आएको छ । यसले यात्रुलाई भाडा छनोटमा स्वतन्त्रता दिनुका साथै चालकलाई पनि आफ्नो आम्दानीसम्बन्धी निर्णयमा सहभागी हुने अवसर प्रदान गर्छ । प्यासेन्जर ३६० क्याम्पेनमार्फत हामी नेपालका यात्रुलाई सहज, भरपर्दो र तिरेको रकमअनुसार उचित मूल्य प्राप्त हुने सवारी सेवा उपलब्ध गराउने प्रतिबद्धतालाई थप सुदृढ बनाउँदै छौं ।’

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**